# प्रदेश राजपत्र

**सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ६) धनगढी, नेपाल, जेठ १२ गते, २०७९ साल (संख्या २**

## भाग २

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८

सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को दफा ९८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उपभोक्ता समूह कोष" भन्नाले ऐनको दफा ५३ बमोजिम गठन भएको उपभोक्ता समूह कोष सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ सम्झनु पर्छ ।

(ग) "कार्ययोजना" भन्नाले वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन र सदुपयोग लगायतका विषयवस्तु समावेश भएको यस नियमावली बमोजिम स्वीकृत दस्तावेजलाई सम्झनु पर्छ र सो शब्दले डिभिजन वन कार्यालयको आवधिक योजना सहितको रणनीतिक योजना र वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना समेतलाई जनाउँछ ।

(घ) "दहत्तर बहत्तर" भन्नाले नदी वा खोलाले बगाई ल्याएको, किनारा लागेको, अडकेको वा डुबेको वा पुरिएको काठदाउरा सम्झनु पर्छ ।

(ङ) "पासिङ्ग टाँचा" भन्नाले रुख कटान स्थलबाट गोलिया काठहरूलाई घाटगद्दी स्थलसम्म ओसारपसार गर्ने प्रयोजनका लागि गोलिया काठको दुवैतर्फको टक्करमा लगाइने छाप, चिन्ह वा निशान सम्झनु पर्छ ।

(च) "रेन्जर" भन्नाले नेपाल वन सेवा जनरल फरेष्ट्री समूहको राजपत्र अनङ्कित प्रथम श्रेणी (प्राविधिक) मा कार्यरत

संघीय निजामती सेवाबाट प्रदेशस्तरमा सहायकस्तर पाँचौं वा अधिकृतस्तर छैटौं तहमा समायोजन भएका वा प्रदेश निजामती सेवा गठनपश्चात् रेन्जर पदमा नियुक्त हुने कर्मचारी सम्झनु पर्छ ।

(छ) "वन सम्बर्द्धन प्रणाली" भन्नाले वन विज्ञानको सिद्धान्त बमोजिम वन व्यवस्थापनका लागि अवलम्बन गरिएका रतिविछ्यान प्रणाली (Shelterwood System), छनौट कटान प्रणाली (Selection System), सरपट कटान प्रणाली (Clear-felling System), वा मुना प्रणाली (Coppice System) लाई सम्झनु पर्छ ।

(ज) "वार्षिक स्वीकार्य कटान (Annual Allowable Cut)" भन्नाले वनको वृद्धि मौज्दात (Growing Stock) र वार्षिक उत्पादन क्षमता (Annual Yield) को आधारमा निर्धारण गरी कार्ययोजनामा उल्लेख भएको वार्षिक कटान गर्न सकिने वन पैदावारको परिमाणलाई सम्झनु पर्छ ।

(झ) "विभाग" भन्नाले संघको वन सम्बन्धी विषय हेर्ने मन्त्रालय अन्तर्गतको वन तथा भू-संरक्षण विभाग सम्झनु पर्छ ।

## परिच्छेद-२
## राष्ट्रिय वनको भू-उपयोग

३. राष्ट्रिय वनको भू-उपयोग योजना : (१) वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन एवं वातावरण र विकासबिचको सन्तुलन कायम गर्दै दिगो विकास लक्ष्य प्राप्तिका लागि कार्यक्रम सञ्चालन गर्न निर्देशनालयको परामर्शमा डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको कुनै खास वनक्षेत्रको भू-उपयोग योजना तर्जुमा गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तर्जुमा भएको भू-उपयोग योजना स्वीकृतिको लागि मन्त्रालयको सहमति लिई निर्देशनालयमार्फत विभागमा पेस गर्नु पर्नेछ ।

## परिच्छेद-३
## राष्ट्रिय वनको व्यवस्थापन तथा वन पैदावार सङ्कलन र बिक्री वितरण

४. **राष्ट्रिय वन व्यवस्थापन**: (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको राष्ट्रिय वन व्यवस्थापनको लागि वन व्यवस्थापन कार्ययोजना तयार गरी प्रदेश वन निर्देशकको सिफारिसमा मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्ययोजनामा अन्य कुराका अतिरिक्त देहायका विषयहरूसमेत समावेश गर्नु पर्नेछ :-

(क) विगतका वन व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा,

(ख) वन पैदावारको माग र आपूर्तिको अवस्था,

(ग) वन व्यवस्थापनका रणनीतिहरू,

(घ) वनको संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था,

(ङ) जैविक विविधता संरक्षण तथा प्रवर्द्धन,

(च) जलस्रोत तथा जलाधार संरक्षण,

(छ) वन व्यवस्थापन पद्धति,

(ज) वनस्रोत सर्वेक्षण,

(झ) वन संवर्द्धन प्रणाली,

(ञ) वन व्यवस्थापन सूचना प्रणाली ।

५. **वन पैदावार सङ्कलन गर्न सकिने परिमाण**: (१) वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भएको वार्षिक स्वीकार्य कटान परिमाणमा नबढ्ने गरी वन पैदावार कटान तथा सङ्कलन गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, किरा र रोगको संक्रमण जस्ता विपद्जन्य घटनाका कारण रुख ढली, सुकी वा क्षति हुन गई वन पैदावार सड्ने वा नासिने भएमा वा सडक, रेलवे लिक, केवलकार, विद्युतलाइन विस्तार, हाइटेन्सन लाइन लगायतका विकास निर्माण कार्य सञ्चालन गर्दा हटाउनु पर्ने रुख बिरुवालाई वनक्षेत्रबाट कटान तथा सङ्कलन गर्न कार्ययोजनामा उल्लिखित वार्षिक स्वीकार्य कटान परिमाणको हदले बाधा पुर्‍याएको मानिने छैन ।

(३) उपनियम (२) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति भएमा डिभिजनल वन अधिकृत वा निजले खटाएको सहायक वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको प्रारम्भिक विवरण तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम विवरण तयार भएपछि डिभिजनल वन अधिकृतले हटाउनु पर्ने वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी कटान तथा सङ्कलन गर्न स्वीकृतिको लागि निर्देशनालयमा पेस गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृतिको लागि पेस भएका वन पैदावारको मापन तथा लगत मूल्याङ्कनका सम्बन्धमा निर्देशनालयले स्थलगत अनुगमन समेत गरी उपयुक्त देखेमा कटान तथा सङ्कलनका लागि स्वीकृति दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम स्वीकृति प्राप्त भएका वन पैदावारको डिभिजनल वन अधिकृतले कटान तथा सङ्कलन गर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ऐनको दफा ७५ बमोजिम ढलापडा तथा सुख्खड खडा रुख कटान तथा सङ्कलन अनुसूची-१ बमोजिम गर्नु पर्नेछ ।

(८) उपनियम (६) वा (७) बमोजिम काठदाउरा कटान तथा सङ्कलन भएपछि कार्ययोजनाको कुल सञ्चितिमा पुग्न गएको क्षतिलाई

वार्षिक स्वीकार्य कटानको परिमाणमा समायोजन गरी अनुसूची-२ बमोजिम कार्ययोजनामा समायोजन गर्नु पर्नेछ ।

६. <u>वन पैदावारको राजश्व मूल्य</u>: राष्ट्रिय वनबाट उत्पादित काठदाउराको मूल्यदर अनुसूची-३, जडीबुटीको मूल्यदर अनुसूची-४ र सो बाहेकका अन्य वन पैदावारको मूल्यदर अनुसूची-५ बमोजिम हुनेछ ।

७. <u>रुखको छपान तथा मूल्याङ्कन</u>: (१) वन व्यवस्थापन कार्ययोजना बमोजिम काठदाउरा सङ्कलन गर्नुअघि डिभिजनल वन अधिकृतले कम्तीमा सहायक वन अधिकृत खटाई कटान गर्नुपर्ने रुखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

तर सहायक वन अधिकृत नभएमा प्रदेश वन सेवाको कम्तीमा रेञ्जरले रूखको छपान तथा मूल्याङ्कन गर्न सक्नेछ ।

(२) रुख तथा काठको मापन, आयतन निकाल्ने र मूल्याङ्कन गर्ने तरिका अनुसूची-६ बमोजिम हुनेछ ।

(३) वनक्षेत्रबाट सङ्कलित काठदाउरा सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सङ्कलित वन पैदावार सुरक्षित स्थानमा राख्न डिभिजनल वन अधिकृतले चारकिल्ला खुलाई घाटगद्दी क्षेत्र तोक्नु पर्नेछ ।

(५) प्रत्येक गोलिया काठको दुवैतर्फ डिभिजन वन कार्यालयमा रहेको पासिङ्ग टाँचा लगाई अनुसूची-७ बमोजिम चलानी पूर्जी लिई घाटगद्दीसम्म लैजानु पर्नेछ ।

(६) नियम ५ बमोजिम सङ्कलन गरिएका काठदाउरा घाटगद्दी स्थलमा लट छुट्टिने गरी टक्कर मिलाई पाइलिङ्ग गरी राख्नु पर्नेछ ।

८. <u>वन पैदावार सङ्कलन गर्ने अवधि</u>: (१) वनक्षेत्रबाट काठदाउरा कटान प्रत्येक आर्थिक वर्षको कार्तिक एक गतेदेखि जेठ पन्ध्र गतेसम्म गर्नु पर्नेछ ।

(२) डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिमको अवधिभित्र रुख छपान तथा कटान गर्ने म्याद निर्धारण गर्नु पर्नेछ ।

(३) वन क्षेत्रबाट कटान भएका रुखबाट प्राप्त हुने काठदाउरा जेठ मसान्तसम्म सङ्कलन तथा घाटगद्दी गर्नु पर्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख भएता पनि विपद्मा परेका व्यक्तिलाई जुनसुकै समयमा वनक्षेत्रबाट काठदाउरा सङ्कलन गरी उपलब्ध गराउन सकिनेछ ।

(५) यो नियमावली प्रारम्भ भएपछि पहिलो पटकका लागि रुख कटान गरी काठदाउरा सङ्कलन तथा घाटगद्दी सम्वत् २०७९ साल आषाढ मसान्तसम्म गर्नु पर्नेछ ।

(६) उपनियम (२) र (३) बमोजिमको अवधिभित्र रुख कटान गरी काठदाउरा सङ्कलन तथा घाटगद्दी गर्न नसकिएको उचित र पर्याप्त कारण भएमा प्रदेश वन निर्देशकको सहमति लिई डिभिजनल वन अधिकृतले आषाढ मसान्तभित्र सङ्कलन हुने गरी बढीमा एक महिना अवधि थप गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिमको अवधिभित्र कटान गर्न नसकिएका रुखको डिभिजनल वन अधिकृतले प्रदेश वन निर्देशकको सहमति लिई छपान रद्द गर्नु पर्नेछ ।

९. <u>वन पैदावार लिलाम बिक्रीः</u> (१) कार्ययोजना बमोजिम सङ्कलित वन पैदावार व्यापारिक तथा व्यावसायिक प्रयोजनका लागि लिलाम बिक्री गर्दा ऐनको दफा ९९ बमोजिमको निर्देशिका वा कार्यविधि अनुरुप गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको काठदाउराको लिलाम बिक्री प्रकृयामा प्रचलित कानुन बमोजिम दर्ता भई लिलाम बिक्रीको सूचना प्रकाशन पूर्व डिभिजन वन कार्यालयमा सूचीकृत भएका स:मिल, भेनियर तथा प्लाईउड उद्योग, कागज उद्योग, पार्टिकल बोर्ड फ्याक्ट्री, ब्लक बोर्ड फ्याक्ट्री र खयर काठको हकमा कत्था उद्योगले मात्र भाग लिन पाउने छन् ।

१०. <u>वन पैदावार आपूर्ति सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा ७७ बमोजिमको समितिले डिभिजनल वन अधिकृतबाट इजाजतपत्र लिई देहायको प्रयोजनको लागि अनुसूची-८ बमोजिम काठदाउराको आपूर्ति गर्नु पर्नेछ :-

(क) विपद् व्यवस्थापन,

(ख) घर निर्माण तथा मर्मत,

(ग) कृषि औजार,

(घ) परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक कार्य,

(ङ) शव दाह संस्कार,

(च) जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य ।

(२) ऐनको दफा ७७ बमोजिमको समितिले काठदाउरा आपूर्ति व्यवस्थित गर्न वार्षिक कार्ययोजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) ऐनको दफा ७६ बमोजिम प्राप्त हुन आएको साल जातको काठदाउरा एक वर्षसम्म र अन्य जातको काठ असार मसान्तसम्म पनि बिक्री नभएमा सम्बन्धित डिभिजन वन कार्यालय र उपभोक्ता समूहलाई फिर्ता गर्नु पर्नेछ ।

(४) उपभोक्ता समूहबाट प्राप्त काठदाउराको रोयल्टी रकम र सङ्कलन खर्च रकम काठदाउरा प्राप्त गर्ने व्यक्ति वा संस्थाले सम्बन्धित उपभोक्ता समूहको खातामा र अन्य रकम जिल्ला वन पैदावार आपूर्ति समितिको खातामा जम्मा गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको रकम जम्मा गरेपछि सम्बन्धित व्यक्ति वा संस्था वा निजको प्रतिनिधिको रोहवरमा डिभिजन वन कार्यालयले बिमार्का गर्नु पर्नेछ ।

(६) डिभिजनल वन अधिकृतले उपनियम (५) बमोजिम बिमार्का

भएको काठदाउराको छोडपूर्जी दिनु पर्नेछ ।

(७) उपनियम (५) बमोजिम बिमार्का भएको काठदाउराको जिम्मा सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

(८) उपनियम (६) बमोजिम छोडपूर्जी दिइएको काठदाउरा तीस दिनभित्र उठाई लैजानु पर्नेछ ।

११. जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठदाउरा उपलब्ध गराउने: ऐनको दफा ७६ बमोजिमको वन पैदावार उपलब्ध गराउँदा डिभिजनल वन अधिकृतले अनुसूची-३ बमोजिमको मूल्य लिई जिल्ला वन पैदावार आपूर्ति समितिलाई एकमुष्ठ वा लट-लट गरी काठदाउरा उपलव्ध गराउनु पर्नेछ ।

१२. काठदाउरा आपूर्ति सम्बन्धी विशेष व्यवस्था: परम्परादेखि चलिआएको धार्मिक संरचना, पाटीपौवा, सत्तल एवं प्राचीन स्मारक मर्मत तथा पुनः निर्माण कार्य, धार्मिक तथा सांस्कृतिक कार्य र बाढी, पहिरो, भूकम्प, आगलागी जस्ता विपद् व्यवस्थापन कार्यको लागि आवश्यक काठदाउरा मन्त्रालयको निर्णय बमोजिम डिभिजनल वन अधिकृतले रोयल्टी लिई उपलव्ध गराउन सक्नेछ ।

१३. काठदाउरा प्राप्त गर्न निवेदन दिनु पर्ने: (१) नियम १० को उपनियम (१) बमोजिमको काठदाउरा लिन चाहेको व्यक्ति वा संस्थाले देहायका विवरण खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-

(क) काठदाउराको नाम,

(ख) काठदाउरा प्राप्त गर्न चाहेको क्षेत्रको नाम,

(ग) काठदाउराको किसिम र परिमाण,

(घ) काठदाउरा लिने प्रयोजन,

(ङ) काठदाउराको प्रयोग गरिने ठाउँ,

(च) काठदाउरा लिन चाहेको व्यक्तिको हकमा जग्गाधनी

प्रमाण पूर्जा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा जग्गाधनी प्रमाणपुर्जा, संस्था दर्ताको नवीकरण प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्र,

(छ) सम्बन्धित स्थानीय तहको सिफारिसपत्र ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा ऐनको दफा ७७ बमोजिमको समितिले आवश्यक जाँचबुझ गरी अनुसूची-३ बमोजिमको मूल्य, सङ्कलन खर्च र अन्य सेवा शुल्क लिई काठदाउरा उपलब्ध गराउन सक्नेछ ।

१४. <u>काठदाउरा ओसारपसार</u>: (१) यस नियमावली बमोजिम काठदाउरा जिल्ला बाहिर लैजाँदा अनिवार्य रूपमा टाँचा लगाई लोड गरिएको सवारी साधनमा कम्तीमा रेञ्जर पदको कर्मचारीले सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ ।

(२) काठदाउरा ओसारपसार गर्नुपूर्व लिलाम सकारकर्ताबाट सकार रकम र अन्य शुल्क बुझिलिई तोकिएको स्थानसम्म लैजान सम्बन्धित डिभिजन वन कार्यालयले अनुसूची-९ बमोजिमको छोडपूर्जी दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको काठदाउरा गन्तव्य स्थलको सम्बन्धित डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयलाई जानकारी गराई अनलोड गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको सवारी साधन बिग्रेमा वा दुर्घटना वा अन्य कारणले सिल टुटेमा सो साधनमा रहेको काठदाउरा सोही साधनमा वा अर्को साधनमा पुनः लोड गरी ढुवानी गराउनु परेमा घटना घटेको क्षेत्रको सब-डिभिजन वन कार्यालयबाट पुनः सिल लगाई ढुवानी गर्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमको काठदाउरा चेकजाँच गर्नुपर्ने भएमा गन्तव्य स्थलमा पुगेपछि सम्बन्धित डिभिजन वन कार्यालयको कम्तीमा रेञ्जर पदको कर्मचारीले गर्नु पर्नेछ ।

१५. <u>जडीबुटीको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनः</u> (१) मूल्यवान जडीबुटीको संरक्षण, संवर्द्धन तथा व्यवस्थापन गर्न प्रजाति विशेष वा एकीकृत रूपमा कुनै क्षेत्रलाई मन्त्रालयले जडिबुटी विशेष क्षेत्र र आफ्नो कार्यक्षेत्रभित्र डिभिजनल वन अधिकृतले जडीबुटी पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) डिभिजनल वन अधिकृतले जडीबुटी पकेट क्षेत्रको स्रोत सर्वेक्षण गरी जडीबुटी व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको जडीबुटी व्यवस्थापन योजना प्रदेश वन निर्देशकले स्वीकृत गर्नु पर्नेछ ।

(४) डिभिजनल वन अधिकृतले जडीबुटी व्यवस्थापन योजना तयारी तथा कार्यान्वयन गर्दा वनस्पति विभाग र अन्तर्गतका कार्यालयको परामर्श लिन सक्नेछ ।

(५) उपनियम (२) बमोजिमको जडीबुटी व्यवस्थापन योजनाको कार्यान्वयनका लागि डिभिजनल वन अधिकृतले जडीबुटी व्यवस्थापन समूह गठन गर्न सक्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिमको जडीबुटी पकेट क्षेत्र सामुदायिक वन वा साझेदारी वनभित्र पर्ने भएमा उपभोक्ता समूहले जडीबुटीको संरक्षण, संवर्द्धन तथा व्यवस्थापन सम्बन्धी कृयाकलाप कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ ।

१६. <u>जडीबुटी र अन्य वन पैदावारको सङ्कलन तथा बिक्री वितरणः</u> (१) डिभिजनल वन अधिकृतले संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि अन्तर्गतको अनुसूची-१ र अनुसूची-२ मा सूचीकृत भएका वन पैदावार र प्रचलित कानुनले प्रतिबन्ध लगाएका बाहेक आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत कार्ययोजनाको अधीनमा रही प्रजाति, किसिम, सङ्कलन गर्न सकिने परिमाण र प्रजाति अनुसार सङ्कलन गर्ने समय समेत तोकी बढीमा एक

महिनाको म्याद दिई वर्षको एक पटक वा प्रजाति अनुसार पटक पटक गरी सूचना जारी गर्नु पर्नेछ ।

(२) कुनै वनक्षेत्रबाट अनुसूची-४ तथा अनुसूची-५ को खण्ड (क) मा उल्लिखित जडिबुटी तथा अन्य वन पैदावार सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले वन पैदावारको प्रजाति, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्य समेत खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा माग बमोजिमको जडीबुटी तथा अन्य वन पैदावार प्रतिबन्ध नलागेको र कार्ययोजना बमोजिम सङ्कलन गर्न सकिने परिमाणभित्र रहेको देखिएमा अनुसूची-४ वा अनुसूची-५ को खण्ड (क) बमोजिमको मूल्यदर अनुसार हुने रकम धरौटी लिई डिभिजनल वन अधिकृतले अनुसूची-१० बमोजिमको सङ्कलन इजाजत दिनु पर्नेछ ।

(४) कुनै वनक्षेत्रमा रहेको एउटै किसिमको जडीबुटी तथा अन्य वन पैदावार सङ्कलनका लागि एक भन्दा बढी निवेदन परी वार्षिक स्वीकृत परिमाण भन्दा बढी माग भएमा डिभिजन वन कार्यालयले निवेदकले बुझाउन सक्ने अधिकतम मूल्य सहितको सिलबन्दी प्रस्ताव प्रचलित कानुन बमोजिम माग गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सिलबन्दी प्रस्ताव खोल्दा सबैभन्दा बढी रोयल्टी प्रस्ताव गर्नेलाई अनुसूची-१० बमोजिमको सङ्कलन इजाजत दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम सङ्कलन गर्ने व्यक्ति वा संस्थाले जैविक विविधतामा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ ।

(७) सल्लाको आँख्लो र चुरो सङ्कलन गर्दा गोलिया काठ उत्पादन हुन नसक्ने ढलापडा रुखबाट सङ्कलन गर्नु पर्नेछ ।

(८) जडीबुटी तथा अन्य वन पैदावार सङ्कलन इजाजत अनुसार

देखिएमा अनुसूची-४ वा अनुसूची-५ को खण्ड (क) बमोजिमको मूल्य लिई डिभिजनल वन अधिकृतले अनुसूची-११ बमोजिम छोडपूर्जी दिनु पर्नेछ।

(९) उपनियम (८) बमोजिम छोडपूर्जी प्राप्त गर्ने व्यक्ति वा संस्थाले जडीबुटी तथा अन्य वन पैदावार ओसारपसार गर्नुअघि वन पैदावार राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा कम्तीमा रेञ्जर पदको कर्मचारीबाट सिल लगाई दरपिठ गराउनु पर्नेछ।

(१०) वन पैदावारमध्ये सालको बिउ सङ्कलन इजाजत प्रदान गर्दा स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा उल्लिखित वार्षिक उत्पादन परिमाण मध्ये पचास प्रतिशत बिउ पुनरोत्पादनको लागि जङ्गलमै छोड्ने र पचास प्रतिशत बिउ सङ्कलन गर्ने व्यवस्था गर्नु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम बिउ सङ्कलन गर्दा वनलाई ब्लक विभाजन गर्नु पर्नेछ।

१७. <u>खयर काठ (जरा र ठुटा समेत) को बिक्रीः</u> (१) खयरको जरा र ठुटा बिक्री गर्दा तौलको आधारमा र गोलिया बिक्री गर्दा आयतन वा तौलको आधारमा अनुसूची-३ बमोजिम सिलबन्दी बोलपत्र प्रकृयामार्फत गर्नु पर्नेछ।

(२) खयरको गोलिया मापन गर्दा पलास (स्यापउड) सहित मापन गर्नु पर्नेछ र पलास हटाई हर्टउड मात्र बाँकी रहेको हर्टउडको आयतनलाई १.४ ले गुणन गरी कुल आयतन निकाल्नु पर्नेछ।

१८. <u>वन पैदावारको बिगो कायम गर्नेः</u> (१) वनक्षेत्रमा हानिनोक्सानी भई ठुटा मात्र भएको तर काठ फेला नपरेको अवस्थामा बिगो कायम गर्नु पर्दा अनुसूची-६ बमोजिम ठुटाबाट काठको आयतन निकाली अनुसूची-३ बमोजिमको रोयल्टी दरले बिगो कायम गर्नु पर्नेछ।

(२) ठुटा फेला नपरी काठ फेला परेमा तीन वटा गिण्डालाई एउटा रुख मानी सबैभन्दा ठूलो गोलाइको गिण्डाको सबैभन्दा मोटो छेउलाई ठुटाको गोलाइ मानी आयतन निकाली अनुसूची-३ बमोजिमको रोयल्टी दरले बिगो कायम गर्नु पर्नेछ।

(३) केही काठ र ठुटा फेला परेको अवस्थामा ठुटालाई आधार मानी आयतन निकाली अनुसूची-३ बमोजिमको रोयल्टी दरले बिगो कायम गर्नु पर्नेछ ।

(४) ठुटा फेला नपरी चिरान काठ फेला परेको अवस्थामा चिरान काठलाई अनुसूची-६ बमोजिम गोलिया काठको आयतनमा परिणत गरी अनुसूची-३ बमोजिमको रोयल्टी दरले बिगो कायम गर्नु पर्नेछ ।

(५) जडीबुटीको बिगो कायम गर्दा फेला परेको वा बरामद भएको परिमाणलाई अनुसूची -४ को रोयल्टी दरले बिगो कायम गर्नु पर्नेछ ।

(६) जडीबुटी बाहेकका अन्य वन पैदावारको बिगो कायम गर्दा फेला परेको वा बरामद भएको परिमाणलाई अनुसूची-५ मा उल्लिखित रोयल्टी दरले बिगो कायम गर्नु पर्नेछ ।

१९. <u>टाँचा तथा सिलको दर्ता र प्रयोग</u>: (१) वन पैदावार ओसारपसार गर्दा विभागले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको टाँचा र सिल प्रयोग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम टाँचा र सिलको प्रयोग कम्तीमा रेन्जर पदको कर्मचारीले गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम टाँचा र सिलको सुरक्षाको जिम्मेवारी डिभिजनल वन अधिकृतको हुनेछ ।

२०. **<u>जोखिमपूर्ण रुखको व्यवस्थापन</u>**: (१) वनक्षेत्र बाहेकका जग्गाधनी प्रमाणपूर्जा नभएका सरकारी कार्यालय, गुम्बा, समिति, विद्यालय, महाविद्यालय, मन्दिर, संस्थान वा अन्य यस्तै प्रकृतिका कार्यालय परिसरमा जोखिममा रहेका रुख तत्काल नहटाए जनधनको क्षति हुने देखिए देहाय बमोजिमको समितिको निर्णय अनुसार डिभिजनल वन अधिकृतले उक्त रुख हटाउन अनुमति दिन सक्नेछः-

(क) डिभिजनल वन अधिकृत - संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) जिल्लास्थित मालपोत कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(घ) जिल्लास्थित नापी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयले तोकेको प्रहरी निरीक्षक - सदस्य

(च) स्थानीय तहको सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

(२) उपनियम (१) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजनल वन अधिकृतले प्रचलित कानुन बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) वनक्षेत्र बाहेकका बाटोमा छहारी पर्ने, चौतारा, पानीको मुहान, धार्मिकस्थल, सार्वजनिकस्थल वा अन्य स्थानमा जोखिममा रहेका रुख तत्काल नहटाए जनधनको क्षति हुने अवस्थामा सम्बन्धित स्थानीय तहको सिफारिसमा डिभिजनल वन अधिकृतले उक्त रुख हटाउन अनुमति दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुने वन पैदावारको लगत विवरण तयार गर्न डिभिजन वन कार्यालयले प्राविधिक सहयोग गर्नु पर्नेछ र वन पैदावारमध्ये काठदाउरा ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयले टाँचा लगाउनु पर्नेछ ।

(५) हावाहुरी, चक्रवात, बाढी, पहिरो वा अन्य प्राकृतिक प्रकोपका कारण ढलेका रुखबाट सार्वजनिक बाटो, लोकमार्ग, विद्युत लाईन, खानेपानी, ढल निकास, कुलो वा खोलामा अवरोध हुन गएमा डिभिजनल वन अधिकृतले सम्बन्धित निकायसँग समन्वय गरी प्रदेश वन निर्देशकको

सहमतिमा यथाशीघ्र कटान तथा सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिम हटाइएका रुखहरू नियमानुसार बिक्री गरी प्राप्त हुने रकम प्रदेश सरकारको सर्वसञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

## परिच्छेद-४
## व्यवस्थित वन सम्बन्धी व्यवस्था

२१. प्रदेश सरकारद्वारा व्यवस्थित वनको कार्ययोजना: (१) डिभिजनल वन अधिकृतले ऐनको दफा २१ को उपदफा (५) बमोजिम व्यवस्थित वनको कार्ययोजना नेपाल सरकारद्वारा स्वीकृत रणनीतिक योजनाको अधीनमा रही अनुसूची-१२ बमोजिमका विषयहरू समावेश गरी तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्ययोजना स्वीकृतिका लागि निर्देशनालय मार्फत मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको कार्ययोजना तयार गर्दा उपयुक्त वन संवर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) अवलम्बन गरी दिगो वन व्यवस्थापनको सिद्धान्त र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको दिगो वन व्यवस्थापनको सिद्धान्त र मापदण्ड ऐनको दफा ९९ बमोजिमको निर्देशिका वा कार्यविधि अनुरुप हुनेछ ।

(५) उपनियम (१) बमोजिमको कार्ययोजनाको कार्यान्वयन डिभिजनल वन अधिकृतले गर्नेछ ।

(६) प्रदेश वन निर्देशकले उपनियम (१) बमोजिमको कार्ययोजना कार्यान्वयनको वार्षिक प्रतिवेदन मन्त्रालय र विभागमा पेस गर्नु पर्नेछ ।

## परिच्छेद-५
## चक्ला वन सम्बन्धी व्यवस्था

२२. <u>चक्ला वन व्यवस्थापन</u>: (१) प्रदेश सरकारद्वारा व्यवस्थित वन क्षेत्र भित्रको कम्तीमा दुई सय हेक्टर क्षेत्रफल रहेको अविच्छिन्न वन क्षेत्रलाई सम्बन्धित डिभिजन वन कार्यालयले चक्ला वनको रूपमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको वन क्षेत्र व्यवस्थापन गर्दा ब्लक र कुप छुट्याई वनको दिगो व्यवस्थापन हुने गरी वनको बाली चक्र, चक्रीय अवधि र वन बालीको चक्रीय उमेर समेत निर्क्यौल गरी उपयुक्त वन सम्बर्द्धन प्रणाली बमोजिम कार्ययोजना तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको कार्ययोजना तयार गर्दा जैविक विविधता संरक्षण, सिमसार संरक्षण, नदी तटीय क्षेत्रको संरक्षण, चुरे संरक्षण, विशेष प्रजातिहरूको बासस्थान संरक्षण एवम् भिरालो क्षेत्र संरक्षण जस्ता विषय छुट्टाछुट्टै समावेश गर्नु पर्नेछ ।

(४) चक्ला वनको रूपमा व्यवस्थापन हुने वन क्षेत्र अन्य वन व्यवस्थापन पद्धतिको रूपमा हस्तान्तरण गर्न पाइने छैन ।

(५) चक्ला वनको रूपमा व्यवस्थापन हुने क्षेत्रको चारकिल्ला जी.पी.एस. लोकेसन सहित नक्साङ्कन र क्षेत्र निर्धारण गरी डिभिजन वन कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ र सोको जानकारी निर्देशनालय, मन्त्रालय एवं विभागलाई गराउनु पर्नेछ ।

(६) चक्ला वन व्यवस्थापन गर्दा ब्लक र कुपहरूको निर्धारण, रुखहरूको नम्बरिङ्ग, रुख कटान योजना, काठदाउराको ढुवानी योजना, घाटगद्दी, टाँचा र अन्य आवश्यक कृयाकलाप ऐनको दफा ९९ बमोजिमको निर्देशिका वा कार्यविधि वा मापदण्ड अनुरुप हुनेछ ।

## परिच्छेद-६
## साझेदारी वन सम्बन्धी व्यवस्था

२३. <u>साझेदारी वन उपभोक्ता समूह गठन</u>: (१) प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भाग साझेदारी वनको रूपमा विकास र संरक्षण गर्न चाहने वनक्षेत्रको नजिकै वा वनबाट टाढा रहेका परम्परागत उपभोक्ताले ऐनको दफा २४ र ५१ बमोजिम उपभोक्ता समूह गठन गर्न सम्बन्धित सब-डिभिजन वन कार्यालयमार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले यथाशीघ्र आवश्यक सहयोगको लागि प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम खटिएको कर्मचारीले उपभोक्ताले माग गरेको वनक्षेत्र साझेदारी वनको रूपमा व्यवस्थापन गर्न उपयुक्त देखेमा सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालय समेतको सहयोग लिई उपभोक्ता समूह गठन र विधान तयार गर्न सहयोग गर्नु पर्नेछ ।

(४) उपभोक्ता समूह गठन गर्दा समूहमा समावेश हुने उपभोक्ताको वडा, गाउँपालिका, नगरपालिका वा जिल्लाको सिमानाले असर गर्ने छैन ।

(५) उपभोक्ता समूहको विधान अनुसूची-१३ बमोजिम तयार गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम तयार भएको विधान उपभोक्ता समूहको साधारण सभाबाट पारित गरी दर्ताको लागि अनुसूची-१४ बमोजिम सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(७) ऐनको दफा २४ बमोजिम उपभोक्ता समूह गठन भएको देखिएमा डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-१५ बमोजिम प्रमाणपत्र दिनु पर्नेछ ।

(८) उपभोक्ता समूहमा देहाय बमोजिमका सदस्यहरू रहने छन् :-

(क) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडास्तरीय उपभोक्ता भेलाबाट छनौट भएका महिलामध्येबाट दुईजना, आदिवासी जनजातिबाट एकजना, मधेसीबाट एकजना, थारुबाट एकजना, दलितबाट एकजना, अन्यबाट दुईजना समेत गरी आठजना,

तर मधेसीको प्रतिनिधित्व नभएमा सोको स्थानमा महिला वा दलित प्रतिनिधिलाई समावेश गराउनु पर्नेछ।

(ख) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक स्थानीय तहको कार्यपालिकाबाट एकजनाका दरले छनौट भएका प्रतिनिधि,

(ग) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाका निर्वाचित जनप्रतिनिधि मध्ये एक जना ।

(९) उपनियम (८) को खण्ड (क) बमोजिमका सदस्यमध्येबाट छनौट भएको व्यक्ति उपभोक्ता समूहको अध्यक्ष हुनेछ।

(१०) उपभोक्ता समूहको अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ।

२४. <u>साझेदारी वन व्यवस्थापन समितिः</u> (१) ऐनको दफा २३ बमोजिमका साझेदार मध्येबाट देहाय बमोजिमको साझेदारी वन व्यवस्थापन समिति रहनेछः-

(क) साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष - अध्यक्ष

(ख) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक स्थानीय तहको कार्यपालिकाबाट छनौट भएका प्रतिनिधि सदस्य मध्येबाट एकजना - उपाध्यक्ष

(ग) साझेदारी वन उपभोक्ता समूहका सदस्य मध्येबाट

समावेशी सिद्धान्तका आधारमा साधारण सभाले छनौट गरेका बढीमा तेह्रजना - सदस्य

तर मधेसीको प्रतिनिधित्व नभएमा सोको स्थानमा महिला वा दलित प्रतिनिधिलाई समावेश गराउनु पर्नेछ ।

(घ) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र रहेका प्रत्येक वडाबाट छनौट भएका निर्वाचित प्रतिनिधि सदस्यमध्येबाट एकजना - सदस्य

(ङ) डिभिजनल वन अधिकृतले तोकेको सहायक वन अधिकृत -सदस्य-सचिव

(२) साझेदारी वन व्यवस्थापन समितिको काम र कर्तव्य नियम २३ को उपनियम (५) बमोजिमको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

२५. <u>साझेदारी वन व्यवस्थापन कार्यान्वयन इकाई</u>: साझेदारी वन व्यवस्थापन समितिको दैनिक कार्य सञ्चालन तथा साझेदारी वनको कार्ययोजना कार्यान्वयन गर्न साझेदारी वन व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा देहाय बमोजिमको कार्यान्वयन इकाई रहनेछः-

(क) साझेदारी वन व्यवस्थापन समितिको अध्यक्ष - अध्यक्ष

(ख) साझेदारी वन व्यवस्थापन समितिका सदस्य मध्येबाट छनौट भएका कम्तीमा दुई जना महिला समेत तीन जना - सदस्य

(ग) डिभिजनल वन अधिकृतले तोकेको सब-डिभिजन वन कार्यालयको सहायक वन अधिकृत - सदस्य-सचिव

२६. <u>उपभोक्ता समूह कोष सञ्चालन</u>: (१) उपभोक्ता समूह कोषको खाता सञ्चालन उपभोक्ता समूहको अध्यक्ष र डिभिजनल वन अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) उपभोक्ता समूहले साधारण सभाले स्वीकृत गरेको कार्यक्रम र योजनामा मात्र कोषको रकम खर्च गर्नु पर्नेछ ।

(३) साझेदारी वन व्यवस्थापन समिति र कार्यान्वयन इकाईको कार्य सञ्चालन खर्च उपभोक्ता समूहको कोषबाट व्यहोरिनेछ ।

(४) वन्यजन्तुबाट उपभोक्ता समूहका सदस्यको जनधनको क्षति भएमा राहत रकम प्रदान गर्न र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा समावेश गरी समूहको कोषबाट रकम उपलब्ध गराउन सक्नेछ ।

(५) उपभोक्ता समूहले आफ्नो चल अचल सम्पत्ति, आम्दानी र खर्चको लेखा तथा अभिलेख प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

(६) उपभोक्ता समूहको आम्दानी र खर्चको लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

(७) उपभोक्ता समूहले लेखापरीक्षण प्रतिवेदनको एक प्रति वार्षिक प्रतिवेदनसाथ सम्बन्धित डिभिजन वन कार्यालय र स्थानीय तहमा पेस गर्नु पर्नेछ ।

(८) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता समूहले राखेको लेखा र अभिलेख आवश्यकता अनुसार जाँचबुझ गर्न सक्नेछ ।

(९) साझेदारी वन व्यवस्थापन समितिको अध्यक्ष विशेष परिस्थिति परी एक महिना भन्दा बढी समयसम्म अनुपस्थित भएमा बढीमा एक महिनासम्मको लागि साझेदारी वन व्यवस्थापन समितिको सिफारिसमा उपाध्यक्षबाट समूहको खाता सञ्चालन गर्न सकिनेछ ।

(१०) उपभोक्ता समूहको अध्यक्ष दुई महिनाभन्दा बढी समय अनुपस्थित रहेमा नियम २३ को उपनियम (९) बमोजिम अध्यक्ष छनौट गर्नु पर्नेछ ।

२७. <u>साझेदारी वन व्यवस्थापन क्षेत्र निर्धारण र कार्ययोजना तर्जुमा :</u> (१) डिभिजनल वन अधिकृतले स्थानीय तहको परामर्श तथा साझेदारी वन उपभोक्ता समूहको सहभागितामा ऐनको दफा २३ को उपदफा (१) बमोजिमका उद्देश्य प्राप्तिका लागि उपयुक्त हुन सक्ने वन क्षेत्रलाई साझेदारी वन व्यवस्थापन क्षेत्र निर्धारण गर्नु पर्नेछ ।

(२) डिभिजनल वन अधिकृतले ऐनको दफा २३ को उपदफा (२) बमोजिमको कार्ययोजना तयार गर्दा अनुसूची-१६ मा उल्लिखित विषय समावेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको कार्ययोजना उपभोक्ता समूहको साधारण सभाबाट पारित गराई साझेदारी वन व्यवस्थापन समितिको सिफारिसमा डिभिजनल वन अधिकृतले राय सहित स्वीकृतिको लागि निर्देशनालयमा पेस गर्नु पर्नेछ ।

(४) निर्देशनालयले तोकेको प्राविधिक समितिले उपनियम (३) बमोजिमको कार्ययोजना अध्ययन तथा प्राविधिक परीक्षण एवम् आवश्यकता अनुसार स्थलगत अनुगमन गरी स्वीकृतिका लागि प्रदेश वन निर्देशक समक्ष सिफारिस गर्नेछ ।

(५) प्रदेश वन निर्देशकले उपनियम (४) बमोजिमको सिफारिस समेतलाई आधार लिई कार्ययोजना स्वीकृत गर्नेछ ।

(६) उपनियम (५) बमोजिमको कार्ययोजनामा कुनै संशोधन गर्नुपर्ने भएमा साझेदारी वन व्यवस्थापन समिति र डिभिजन वन कार्यालयको सिफारिसमा प्रदेश वन निर्देशकले गर्नेछ ।

(७) कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ ।

(८) उपनियम (७) बमोजिमको अवधि समाप्त हुनु अगावै नयाँ कार्ययोजना स्वीकृत गराई पुरानो कार्ययोजनाको अवधि समाप्त भएको दिन देखि कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

२८. <u>कार्ययोजना कार्यान्वयन</u>: (१) साझेदारी वन व्यवस्थापन समितिले नियम २७ बमोजिमको कार्ययोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(२) साझेदारी वन व्यवस्थापन समितिले कार्ययोजनाको अधीनमा रही वार्षिक कार्यक्रम तयार गरी साझेदारी वन उपभोक्ता समूहको साधारण सभाबाट पारित गराई कार्यान्वयन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको वार्षिक कार्यक्रमका सम्बन्धमा जिल्ला वन क्षेत्र समन्वय समितिलाई जानकारी गराउनु पर्नेछ ।

(४) नियम २७ बमोजिमको कार्ययोजना कार्यान्वयनको लागि डिभिजन वन कार्यालयले आवश्यक पर्ने कर्मचारी खटाउनु पर्नेछ ।

(५) यो नियमावली प्रारम्भ हुनुभन्दा अगावै गठन भएको साझेदारी वनको साधारण सभाबाट नयाँ कार्य समिति चयन नभए सम्म साविक कार्य समितिबाट साझेदारी वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्नु पर्नेछ ।

तर कार्य समितिको म्याद समाप्त भईसकेको भए यथाशीघ्र साधारण सभा बसी नयाँ कार्यसमितिको चयन गर्नु पर्नेछ ।

(६) विशेष परिस्थितिमा उपनियम (५) बमोजिमको साधारण सभा बस्न नसकेमा साविक कार्यसमितिले यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षसम्म कार्य सञ्चालन गर्न सक्नेछ ।

२९. <u>साझेदारी वनको लगत</u>: (१) निर्देशनालयले साझेदारी वनको लगत र कार्ययोजना विभाग र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूहको लगत अद्यावधिक गर्नु पर्नेछ ।

३०. **वन व्यवस्थापन र वन पैदावार सङ्कलनः** (१) नियम २७ बमोजिमको कार्ययोजना अनुरुप वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलन वार्षिक स्वीकार्य कटान परिमाणमा नबढ्ने गरी गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, किरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारको हानि नोक्सानी हुन गई वन पैदावार सड्ने वा नासिने अवस्था आएमा वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाणको हदले बाधा पुर्‍याएको मानिने छैन ।

(३) उपनियम (२) बमोजिमको विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति भएमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको प्रारम्भिक विवरणसहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउनु पर्नेछ ।

(४) डिभिजनल वन अधिकृतले उपनियम (३) बमोजिम क्षति भएका वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशनालयको स्वीकृति लिई सङ्कलन तथा बिक्री वितरण गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम वन पैदावार सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

(६) साझेदारी वनबाट काठदाउरा सङ्कलन गर्दा नियम ७ बमोजिम छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

३१. **वन पैदावारको बाँडफाँट तथा बिक्री वितरणः** (१) साझेदारी वनबाट उत्पादित काठदाउराको बाँडफाँट देहाय बमोजिम हुनेछः-

(क) साझेदारी वन उपभोक्ता समूह - पचास प्रतिशत

(ख) डिभिजन वन कार्यालय - चालिस प्रतिशत

(ग) सम्बन्धित स्थानीय तह - दश प्रतिशत

(२) काठदाउरा बाहेक पात पतिङ्गर र बल्लाबल्ली उपभोक्ता समूहले स्वीकृत कार्ययोजनाको अधिनमा रही आवश्यकता अनुसार उपभोग गर्न सक्नेछन् ।

(३) उपनियम (१) को खण्ड (क) बमोजिम उपभोक्ता समूहको हिस्सामा परेको काठदाउरा उपभोक्ता समूहको आन्तरिक खपतलाई प्राथमिकता दिई अनुसूची-३ बमोजिमको मूल्यमा नघटाई बिक्री वितरण गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम बिक्री वितरण गरी बाँकी रहेका काठदाउरा उपभोक्ता समूहले डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची-३ बमोजिमको मूल्यमा नघटाई प्रतिस्पर्धाको आधारमा लिलाम बिक्री गर्न सक्नेछ ।

(५) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र दुई वा दुई भन्दा बढी स्थानीय तह पर्ने भएमा उपनियम (१) को खण्ड (ग) बमोजिम स्थानीय तहको हिस्सामा परेको काठदाउरा उपभोक्ताको घरधुरी संख्याको आधारमा स्थानीय तहलाई समानुपातिक रूपमा वितरण गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम वितरीत काठदाउरालाई डिभिजनल वन अधिकृतले लिलाम बिक्री गरी प्राप्त हुने रकम सम्बन्धित स्थानीय तहलाई उपलव्ध गराउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्राप्त हुने रकम स्थानीय तहले खर्च गर्दा वन विकास सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ ।

(८) उपनियम (२) बमोजिमको वन पैदावार उपभोक्ता समूहभित्र बिक्री वितरण गर्दा वन पैदावारको लगत राखी अनुसूची-१७ बमोजिमको तीन प्रति रसिद काटी वन पैदावार उपलब्ध गराउनु पर्नेछ ।

(९) उपभोक्ता समूहले उपभोक्ता समूहवाहिर बिक्री गरेको वन

पैदावार ओसारपसार गर्न डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची-१८ बमोजिमको अनुमति पत्र दिनु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिम वन पैदावार ओसारपसार गर्दा उपभोक्ता समूहले अनुसूची-१७ बमोजिम रसिद काटी चलानी पूर्जी दिनु पर्नेछ ।

(११) उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिद सुरक्षित राख्नु पर्नेछ ।

(१२) उपभोक्ता समूहले बिक्री वितरण गरेको वन पैदावारको लगत तथा आम्दानी र खर्चको हिसाब राख्नु पर्नेछ ।

(१३) वन पैदावारको प्रशोधन तथा निकासी सम्बन्धी व्यवस्था प्रदेश सरकारले बनाएको निर्देशिका वा कार्यविधि बमोजिम हुनेछ ।

३२. उद्योग सञ्चालन गर्न सक्ने: साझेदारी वन उपभोक्ता समूहले वनक्षेत्र बाहिर प्रचलित कानुन बमोजिम वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-७
## वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

३३. उपभोक्ता समूह गठन तथा कार्ययोजना कार्यान्वयन: (१) डिभिजन वन कार्यालयले ऐनको दफा २६ को उपदफा (२) बमोजिमको कार्ययोजना स्थानीय तह तथा स्थानीय वन उपभोक्ता समूहको समन्वयमा कार्यान्वयन गर्ने गरी ऐनको दफा ५१ बमोजिम वन संरक्षण क्षेत्र उपभोक्ता समूह गठन गर्न सक्नेछ ।

(२) कुनै वन संरक्षण क्षेत्र दुई वा दुईभन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएमा सम्बन्धित डिभिजन वन कार्यालयहरूको सहमतिमा निर्देशनालयले कुनै एक डिभिजन वन कार्यालयमा वन संरक्षण क्षेत्र उपभोक्ता

समूह दर्ता गर्ने निर्णय गर्न सक्नेछ ।

(३) डिभिजनल वन अधिकृतले ऐनको दफा २७ बमोजिम कार्ययोजनामा उल्लिखित पर्यापर्यटन गतिविधि सञ्चालन गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम पर्यापर्यटन गतिविधि सञ्चालनबाट प्राप्त रकम उपनियम (१) बमोजिमको वन संरक्षण क्षेत्र उपभोक्ता समूहको कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको कोषमा जम्मा भएको रकमको कम्तीमा पचास प्रतिशत रकम वन संरक्षण तथा वन विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

(६) ऐनको दफा २७ बमोजिम कार्ययोजना बमोजिम प्राप्त हुने काठदाउरा समूहका सदस्यले आफ्नो घरायसी प्रयोजनका लागि प्रयोग गर्न चाहेमा अनुसूची-८ बमोजिमको परिमाणमा नबढ्ने गरी जिल्ला वन पैदावार आपूर्ति समितिले तोकेको दरमा उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-८
## सामुदायिक वन सम्बन्धी व्यवस्था

३४. सामुदायिक वन उपभोक्ता समूह गठन: (१) सामूहिक हितका लागि सामुदायिक वनको रूपमा कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गर्न चाहने उपभोक्ताले ऐनको दफा ५१ बमोजिम उपभोक्ता समूह गठन गर्न सम्बन्धित सब-डिभिजन वन कार्यालयमार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा अन्य सामुदायिक वनमा उपभोक्ता रहेको व्यक्ति वा निजको परिवारको कुनै सदस्य समूहमा सहभागी हुन पाउने छैन ।

(३) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा डिभिजनल

वन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम खटिएको कर्मचारीले उपनियम (१) बमोजिमको वनक्षेत्र सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न उपयुक्त देखेमा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह समेतको सहयोग लिई उपभोक्ता समूह गठन गर्न सहजीकरण गर्न सक्नेछ।

(५) उपभोक्ता समूह गठन गर्दा वडा, गाउँपालिका वा नगरपालिका वा जिल्ला वा प्रदेशको सिमानाले असर पार्ने छैन।

(६) उपभोक्ता समूहले सामुदायिक वन उपभोक्ता समूहको विधानमा अनुसूची-१९ बमोजिमका विषय समावेश गर्नु पर्नेछ।

(७) उपभोक्ता समूहले समूहको कार्यसञ्चालनका लागि बढीमा पन्ध्र सदस्यीय कार्यसमिति गठन गरी पदाधिकारीहरुको नामावली उपनियम (६) बमोजिमको विधानमा समावेश गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिमको कार्यसमितिका अध्यक्ष वा सचिवमध्ये एक र उपाध्यक्ष वा कोषाध्यक्षमध्ये एक पदमा अनिवार्य रुपमा महिलाको प्रतिनिधित्व हुनु पर्नेछ।

(९) उपनियम (७) बमोजिमको समितिमा लैङ्गिक समानता तथा समावेशी सिद्धान्तका आधारमा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्नेछ।

(१०) उपनियम (७) बमोजिमका पदाधिकारीको पदावधि पाँच वर्षको हुनेछ।

(११) उपनियम (६) बमोजिम तयार भएको विधान समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-१४ बमोजिम सम्बन्धित सब-डिभिजन वन कार्यालयमार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(१२) ऐन तथा यस नियमावली बमोजिम उपभोक्ता समूह गठन भएको देखिएमा डिभिजनल वन अधिकृतले सामुदायिक वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-२० बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ।

३५. <u>उपभोक्ता समूह कोष सञ्चालन</u>: (१) उपभोक्ता समूह कोषको खाता सञ्चालन एकजना महिला रहने गरी अध्यक्ष वा सचिव मध्ये एकजना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।

(२) उपभोक्ता समूहले कोषको रकम खर्च गर्दा वार्षिक साधारण सभाबाट पारित योजना तथा कार्यक्रम बमोजिम गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहले आफ्नो चल अचल सम्पत्ति, आम्दानी र खर्चको लेखा तथा अभिलेख प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

(४) उपभोक्ता समूहले आम्दानी र खर्चको लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

(५) उपभोक्ता समूहले लेखापरीक्षण प्रतिवेदनको एक प्रति वार्षिक प्रतिवेदनसाथ सम्बन्धित डिभिजन वन कार्यालय र स्थानीय तहमा पेस गर्नु पर्नेछ।

(६) कसैबाट उजुरी परेमा वा आवश्यकता अनुसार डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता समूहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्नेछ।

३६. <u>वन विकासको लागि खर्च गर्नुपर्ने</u>: (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम गरेको वार्षिक आम्दानीबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उद्यम विकास कार्यमा खर्च गर्दा

नतिजामा आधारित व्यावसायिक कार्ययोजना तयार गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कार्यमा खर्च गरी बाँकी रकम उपभोक्ता समूहको हितमा प्रयोग गर्नु पर्नेछ।

३७. <u>उपभोक्ता समूह र स्थानीय तहबिच समन्वयः</u> (१) उपभोक्ता समूहले आफ्नो समूहको विधान, समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि, सामुदायिक वनको कार्ययोजना र वन हस्तान्तरण प्रमाणपत्रको एक एक प्रति अभिलेख राख्न सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(२) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र देहायका कागजात तथा विवरण सम्बन्धित स्थानीय तहमा पेस गर्नु पर्नेछः-

(क) नियम ३६ को उपनियम (१) बमोजिम सञ्चालन गर्ने क्रियाकलापहरू सम्बन्धी योजना र लागत विवरण,

(ख) वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

(ग) बिक्री गरेको वन पैदावारको वार्षिक विवरण।

(३) स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका वन उपभोक्ता समूहबाट प्राप्त विवरण अद्यावधिक गरी अभिलेख राख्नु पर्नेछ।

(४) स्थानीय तहले सामुदायिक वन उपभोक्ता समूहलाई प्रचलित कानुन बमोजिम सहयोग र सहजीकरण गर्न सक्नेछ।

३८. <u>कार्ययोजना तर्जुमा र वन हस्तान्तरणः</u> (१) नियम ३४ को उपनियम (१२) बमोजिम दर्ता भएको उपभोक्ता समूहले ऐनको दफा ३० को उपदफा (१) बमोजिम राष्ट्रिय वनको कुनै भागलाई सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा अनुसूची-२१ बमोजिम वन हस्तान्तरणको लागि डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिम हस्तान्तरण हुने वनको कार्ययोजना तर्जुमा गर्न प्राविधिक कर्मचारी खटाई

सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) सामुदायिक वनको रूपमा हस्तान्तरणका लागि वनक्षेत्र निर्धारण गर्दा गाउँ बस्तीबाट सामुदायिक वनक्षेत्रको दुरी, उपभोक्ता समूहको वन व्यवस्थापन गर्ने चाहना, आवश्यकता र क्षमता समेतलाई ध्यान दिनु पर्नेछ ।

(४) सामुदायिक वनको सिमाना निर्धारण गर्दा वडा, गाउँपालिका वा नगरपालिका वा जिल्लाको सिमानाले असर पार्ने छैन ।

(५) उपभोक्ता समूहले कार्ययोजना तर्जुमा गर्दा दिगो वन व्यवस्थापनको उद्देश्य, वनको हैसियत र उपभोक्ता समूहको आवश्यकता तथा व्यवस्थापकीय क्षमता समेतलाई आधार लिनु पर्नेछ ।

(६) यस नियम बमोजिम वन प्राविधिकको सल्लाह तथा साधारण सभाको निर्णयबाट छनौट भएको उपयुक्त वन संवर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) र अनुसूची-२२ बमोजिमका विषय समावेश गरी कार्ययोजना तर्जुमा गर्नु पर्नेछ ।

(७) उपभोक्ता समूहले सहभागितामूलक विधि अवलम्बन गरी उपनियम (६) बमोजिम तर्जुमा गरिएको कार्ययोजना साधारणसभाबाट पारित गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम पारित कार्ययोजना स्वीकृतिको लागि डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिमको कार्ययोजनामा कुनै कुरा सुधार गर्नु पर्ने देखिएमा उपभोक्ता समूहको परामर्शमा प्रचलित कानुन बमोजिम डिभजनल वन अधिकृतले कार्ययोजना स्वीकृत गरी अनुसूची-२३ बमोजिम सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनु पर्नेछ ।

(१०) एक जिल्लामा रहेको कुनै वनक्षेत्र सिमाना जोडिएको अर्को

जिल्लाको कुनै उपभोक्ता समूहलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गर्नुपर्ने भएमा त्यस्तो वनक्षेत्र रहेको जिल्लाको डिभिजनल वन अधिकृतले सो उपभोक्ता समूह रहेको डिभिजनल वन अधिकृतको सिफारिसमा सामुदायिक वन हस्तान्तरण गर्न सक्नेछ ।

(११) उपनियम (९) बमोजिमको कार्ययोजना उपभोक्ता समूहले कार्यान्वयन गर्नु पर्नेछ ।

(१२) उपनियम (९) बमोजिमको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ ।

(१३) उपभोक्ता समूहले कार्ययोजनाको अवधि समाप्त हुनु अगावै ऐनको दफा ३२ बमोजिम कार्ययोजना संशोधन गर्न सक्नेछ ।

(१४) उपनियम (९) बमोजिमको कार्ययोजना दुई वर्षसम्म संशोधन गर्न पाइने छैन ।

३९. <u>सामुदायिक वनको लगत</u>: (१) डिभिजनल वन अधिकृतले उपभोक्ता समूहलाई हस्तान्तरण गरेका सामुदायिक वनको लगत अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम उपभोक्ता समूहको नाम, ठेगाना, उपभोक्ता समूहको कोड, दर्ता मिति, उपभोक्ता घरधुरी संख्या, कार्यसमितिमा रहेका आदिवासी जनजाति, मधेसी, दलित समेतका महिला तथा पुरुषको संख्या, वनको क्षेत्रफल, किसिम, वनमा पाइने मुख्य रुख तथा जडीबुटीको प्रजाति समेतको विवरण उपभोक्ता समूहको तथ्याङ्क कोड अनुसार लगत राख्नु पर्नेछ ।

४०. <u>वन व्यवस्थापन र वन पैदावारको सङ्कलन</u>: (१) उपभोक्ता समूहले आफ्नो सामुदायिक वनको नियम ३८ को उपनियम (९) बमोजिमको कार्ययोजना अनुरुप वन व्यवस्थापन तथा वन पैदावार सङ्कलन गर्नु पर्नेछ ।

(२) उपभोक्ता समूहले कार्ययोजनामा उल्लिखित वन संरक्षण,

व्यवस्थापन तथा विकासका वार्षिक कार्यहरू तोकिएको समयमा सम्पन्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम वन व्यवस्थापन तथा वन पैदावारको सङ्कलन गर्दा वार्षिक स्वीकार्य कटानको परिमाण वा कार्ययोजनामा तोकिएको वन संवर्द्धन प्रणाली अनुरूप गर्नु पर्नेछ ।

(४) उपभोक्ता समूहले वन पैदावार सङ्कलन गर्नुपूर्व डिभिजनल वन अधिकृतको सहमति लिई सब-डिभिजन वन कार्यालयको सहयोगमा छपान मूल्याङ्कन गर्नु पर्नेछ ।

तर उपभोक्ता समूहले समूहभित्र काठदाउरा वितरणका लागि सङ्कलन गर्नु पर्ने भएमा सब-डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ र सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

(५) उपभोक्ता समूहले सामुदायिक वनबाट कार्ययोजना बमोजिम काठदाउरा सङ्कलन गर्दा समूहका सदस्यलाई परिचालन गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम काठदाउरा सङ्कलन गर्न नसकिएमा उपभोक्ता समूहले प्रचलित सार्वजनिक खरिद ऐन नियम बमोजिम सिलबन्दी बोलपत्र आह्वान गरी सबैभन्दा कम मूल्य कबोल गर्ने फर्म वा कम्पनीलाई अनुसूची-२४ बमोजिम सङ्कलन अनुमति दिनु पर्नेछ ।

(७) काठदाउरा बाहेक जडीबुटी र अन्य वन पैदावारको सङ्कलनको लागि उपभोक्ता समूहले अनुसूची-२४ बमोजिमको सङ्कलन अनुमतिपत्र दिनु पर्नेछ ।

(८) उपभोक्ता समूहले उपनियम (६) बमोजिम काठदाउरा सङ्कलन गर्दा स्वीकृत जिल्ला दररेट बमोजिम खर्च गर्नु पर्नेछ ।

(९) वन पैदावार सङ्कलन गर्न इजाजत प्राप्त गर्ने व्यक्ति वा फर्म वा कम्पनी वा समूहले कार्ययोजनामा उल्लिखित तरिका, प्रविधि तथा समयावधि अनुसार दिगो व्यवस्थापनको आधारमा डिभिजन वन कार्यालयको

प्रत्यक्ष निगरानीमा सङ्कलन गर्नु पर्नेछ।

(१०) सल्लोको आँख्लो र चुरो सङ्कलन गर्दा गोलिया काठ उत्पादन हुन नसक्ने ढलापडा रुखबाट मात्र सङ्कलन गर्नु पर्नेछ।

(११) स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा उल्लिखित वार्षिक उत्पादन परिमाणमध्ये पचास प्रतिशत सालको विउ पुनरोत्पादनको लागि जङ्गलमै छोड्ने र पचास प्रतिशत सङ्कलन गर्न इजाजत प्रदान गर्नु पर्नेछ।

तर सालको विउ सङ्कलन गर्दा प्रचलित वातावरण संरक्षण ऐन नियमको पालना गर्नु पर्नेछ।

(१२) उपनियम (११) बमोजिम बिउ सङ्कलन गर्दा वनलाई ब्लक विभाजन गर्नु पर्नेछ।

(१३) बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, किरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण रुख तथा वन पैदावारमा क्षति पुग्न गई वन पैदावार सड्ने वा नासिने भएमा त्यस्ता रुख तथा वन पैदावारलाई वन क्षेत्रबाट हटाउन वा सङ्कलन गर्न कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाणको हदले बाधा पुर्‍याएको मानिने छैन।

(१४) उपनियम (१३) बमोजिमको वन पैदावारमा क्षति पुगेमा उपभोक्ता समूहले यथाशीघ्र सोको प्रारम्भिक विवरण डिभिजनल वन अधिकृतलाई पेस गर्नु पर्नेछ।

(१५) उपनियम (१४) बमोजिमको विवरण प्राप्त भएमा डिभिजनल वन अधिकृतले तत्काल वन प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गरी घटनाको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पेस गर्नु पर्नेछ।

(१६) उपनियम (१५) बमोजिमको विवरण प्राप्त भएपछि हटाउनु

पर्ने वन पैदावारको कटान तथा सङ्कलन गर्न जिल्ला विपद् व्यवस्थापन समितिले डिभिजन वन कार्यालयलाई सिफारिस गर्नु पर्नेछ ।

(१७) उपनियम (१६) बमोजिम सिफारिस प्राप्त भएपछि डिभिजनल वन अधिकृतले उपनियम (१३) बमोजिमका वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी कटान तथा सङ्कलन गर्न स्वीकृतिको लागि निर्देशनालयमा पेस गर्नु पर्नेछ ।

(१८) उपनियम (१७) बमोजिम स्वीकृतिको लागि पेस भएका वन पैदावारको मापन तथा लगत मूल्याङ्कनका सम्बन्धमा निर्देशनालयले स्थलगत अनुगमन समेत गरी उपयुक्त देखेमा कटान तथा सङ्कलनका लागि स्वीकृति दिन सक्नेछ ।

(१९) उपनियम (१८) बमोजिम स्वीकृति प्राप्त भएका वन पैदावार डिभिजनल वन अधिकृतले कटान तथा सङ्कलन गर्न अनुमति दिनु पर्नेछ ।

(२०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ऐनको दफा ७५ बमोजिम ढलापडा तथा सुख्खड खडा अवस्थामा रहेका रुख सङ्कलन गर्नु पर्ने भए अनुसूची-१ बमोजिम गर्नु पर्नेछ ।

(२१) उपनियम (१९) वा (२०) बमोजिम काठदाउरा कटान तथा सङ्कलन भएपछि कार्ययोजनामा भएको कुल सञ्चितिमा घट्न गएको परिमाणलाई अनुसूची-२ बमोजिम कार्ययोजनामा समायोजन गर्नु पर्नेछ ।

(२२) उपभोक्ता समूहले यस नियम बमोजिम सङ्कलन गरेको काठदाउरा सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ ।

(२३) सामुदायिक वन समूहले कार्ययोजनामा तोकेको भन्दा बढी वा गैरकानूनी तरिकाले वन पैदावार सङ्कलन गरेको प्रमाणित भएमा डिभिजन वन कार्यालयले उपभोक्ता समूहलाई ऐनको दफा ३५ बमोजिम कारबाही गर्नु पर्नेछ ।

(२४) उपनियम (२३) बमोजिम सङ्कलन गरेको वन पैदावारलाई

डिभिजन वन कार्यालयले नियमानुसार बिक्री वितरण गरी प्राप्त हुन आउने सकार रकम तथा सङ्कलन खर्चबापतको रकमलाई धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

(२५) उपनियम (२३) बमोजिम कार्य गर्ने व्यक्तिलाई वन ऐन नियम बमोजिम चोरी कटानी सरह कारबाही गर्नु पर्नेछ ।

(२६) उपनियम (२४) बमोजिमको रकम धरौटी खातामा राखी चलाइएको मुद्दाको कारबाही सम्बन्धित डिभिजन वन कार्यालयले पाँच वर्षभित्र अन्तिम किनारा लगाउनु पर्नेछ ।

(२७) उपनियम (२६) बमोजिमको अवधिभित्र कारबाहीको अन्तिम किनारा नलागेमा उपनियम (२४) बमोजिमको रकम सम्बन्धित उपभोक्ता समूहको खातामा जम्मा गर्नु पर्नेछ ।

४१. **वन पैदावारको बिक्री वितरण र अनुमतिपत्रः** (१) उपभोक्ता समूहले नियम ४० को उपनियम (२२) बमोजिम घाटगद्दी स्थलमा जम्मा गरेको काठदाउरा नापजाँच गरी ऐनको दफा ७७ बमोजिमको समितिलाई ऐनको दफा ७६ बमोजिम जिल्ला वन पैदावार आपूर्तिको लागि छुट्याई बाँकी काठदाउरा समूहभित्र आन्तरिक खपत गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आन्तरिक खपत गर्दा सम्बन्धित सब-डिभिजन वन कार्यालयको सहमतिमा अनुसूची-२५ बमोजिमको ढाँचामा तीन प्रति रसिद बनाइ एक प्रति खरिद गर्ने व्यक्तिलाई र एक प्रति सम्बन्धित सब-डिभिजन वन कार्यालयलाई दिई एक प्रति समूहको कार्यालयमा राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम काठदाउरा बिक्री वितरण पश्चात बाँकी काठदाउरा ऐनको दफा ९९ बमोजिमको निर्देशिका अनुरुप डिभिजनल वन अधिकृतको सहमतिमा समूह बाहिर लिलाम बिक्री गर्नु पर्नेछ ।

(४) उपभोक्ता समूहले काठदाउरा, जडीबुटी तथा अन्य वन पैदावार

आफ्नो समूह बाहिर बिक्री वितरण गर्दा अनुसूची-२५ बमोजिम तीन प्रति रसिद काटी सोको कार्यालय प्रति सुरक्षित राख्नु पर्नेछ ।

(५) उपभोक्ता समूहले समूह वा समूहका सदस्यले एकल वा सामूहिक रूपमा स्थापना र सञ्चालन गरेको वन सम्बन्धी लघु उद्यमका लागि अनुसूची-३, अनुसूची-४ र अनुसूची-५ को खण्ड (क) बमोजिमको मूल्यमा नघट्ने गरी सामुदायिक वनको वन पैदावार उपलब्ध गराउन सक्नेछ ।

(६) उपभोक्ता समूहले स्वीकृत कार्ययोजनाले निर्धारण गरे बमोजिम विपन्न वर्ग वा प्राकृतिक विपद्मा परेका उपभोक्तालाई सहुलियत दर वा निःशुल्क काठदाउरा उपलब्ध गराउन र अन्य सहुलियत प्रदान गर्न सक्नेछ ।

(७) उपभोक्ता समूहभन्दा बाहिर व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि बिक्री वितरण गरिएको काठमा डिभिजन वन कार्यालय र उपभोक्ता समूहको टाँचा लगाई डिभिजन वन कार्यालयको सहमतिमा समूहको अध्यक्षले अनुसूची-१८ बमोजिमको ओसारपसार अनुमतिपत्र दिनु पर्नेछ ।

(८) सामुदायिक वनको कार्ययोजना बमोजिम प्राप्त हुने काठ बाहेकका वन पैदावार उपभोक्ता समूहभन्दा बाहिर बिक्री गरी ओसारपसार गर्दा डिभिजन वन कार्यालयको सहमति लिई उपभोक्ता समूहको अध्यक्षले अनुसूची-१८ बमोजिम ओसारपसार अनुमतिपत्र दिनु पर्नेछ ।

(९) उपभोक्ता समूहले वन पैदावार उत्पादन र बिक्री वितरणको अद्यावधिक विवरण नियमित रूपमा डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ ।

(१०) उपभोक्ता समूहले ऐनको दफा ३५ को उपदफा (२) बमोजिम बरामद भएको र बेवारिसे अवस्थामा फेला परेका गोलिया तथा चिरान काठ आन्तरिक खपत प्रयोजनमा उपयोग गर्न सक्नेछ ।

४२. <u>टाँचाको दर्ता र प्रयोग</u>ः (१) कटान गरिने रुख तथा ओसारपसार गरिने काठमा उपभोक्ता समूहले प्रयोग गर्ने फलामे टाँचा अनुसूची-२६ बमोजिम बनाई दर्ताका लागि डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा फलामे टाँचाको नमुना जाँची डिभिजनल वन अधिकृतले निःशुल्क रूपमा दर्ता गरिदिनु पर्नेछ ।

(३) डिभिजनल वन अधिकृतले डिभिजन वन कार्यालयमा दर्ता रहेका टाँचाको विवरण निर्देशनालय र विभागमा पठाउनु पर्नेछ ।

(४) उपभोक्ता समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (२) बमोजिमको फलामे टाँचा र वन विभागले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको टाँचा लगाउनु पर्नेछ ।

(५) उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी उपभोक्ता समूहको अध्यक्षको हुनेछ ।

(६) उपनियम (२) बमोजिमको फलामे टाँचा हराएमा वा नोक्सान भएमा सोको जानकारी डिभिजन वन कार्यालयलाई तत्काल दिई पुरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गराउनु पर्नेछ ।

(७) डिभिजन वन कार्यालयले उपनियम (६) बमोजिम रद्द गरेको पुरानो टाँचाको विवरण सहितको जानकारी विभाग, सबै प्रदेश अन्तर्गतका निर्देशनालय र सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

४३. <u>वन उद्यम सञ्चालन</u>ः (१) उपभोक्ता समूहले कार्ययोजनामा निर्दिष्ट वन पैदावारमा आधारित वन उद्यम प्रचलित कानुन बमोजिम वन क्षेत्र बाहिर सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम वन उद्यम सञ्चालन गर्न चाहने समूहले सामुदायिक वन र निजी वनबाट उपलब्ध हुनसक्ने वन पैदावारको सम्भाव्य परिमाण र वन उद्यम क्रियाकलापको विवरण समावेश गरी व्यावसायिक योजना तयार गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दुई वा दुईभन्दा बढी उपभोक्ता समूहले संयुक्त रूपमा वन उद्यम सञ्चालन गर्न चाहेमा सम्बन्धित सामुदायिक वनबाट उपलब्ध हुन सक्ने वन पैदावारको संयुक्त विवरण, उपभोक्ता समूहबिचको लागत र लाभको बाँडफाँटको खाकासहित व्यावसायिक योजना तयार गर्नु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिमको व्यवसायिक योजनासहित उद्यम दर्ता गर्न सहमतिका लागि डिभिजनल वन अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको निवेदनमा सहमति प्राप्त भएपछि सम्बन्धित निकायमा दर्ता गरी उद्यम सञ्चालन गर्नु पर्नेछ ।

(६) ऐनको दफा ३७ बमोजिम वन उद्यम गर्न चाहने उपभोक्ता समूहले व्यावसायिक योजना र सम्बन्धित साझेदारसँगको सम्झौताका आधारमा वन पैदावारमा आधारित वन उद्यम सञ्चालन गर्न सक्नेछ ।

(७) उपभोक्ता समूहले कार्ययोजना बमोजिम सामुदायिक वनमा मुख्य प्रजातिको छत्र घनत्व (क्राउन कभर) नघट्ने, पुनरोत्पादनमा ह्रास नआउने र संवेदनशील वनक्षेत्र तथा जैविक विविधताको संरक्षण हुने गरी गरिबी न्यूनीकरण र वन उद्यम विकासका लागि जडीबुटी तथा गैरकाष्ठ वन पैदावार खेती प्रणाली अवलम्बन गर्न सक्नेछ ।

(८) ऐनको दफा ८४ बमोजिम कृषि वन प्रणाली अवलम्बन गर्दा सामुदायिक वनमा कृषिजन्य र वनजन्य रुख प्रजातिका फलफूल उत्पादन हुने रुख बिरुवा लगाउनु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम वनजन्य रूख प्रजातिको न्यूनतम पचास प्रतिशत छत्र घनत्व ढाक्ने गरी फलफूल खेती गर्न सकिनेछ ।

तर सामुदायिक वनमा चिया र कफी लगाउन पाइने छैन ।

(१०) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानुन बमोजिम

वन्यजन्तु सम्बन्धी उद्यम सञ्चालन गर्न सक्नेछ ।

४४. <u>सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनः</u> (१) उपभोक्ता समूहले ऐनको दफा ९९ बमोजिमको मापदण्ड अनुरुप अनुसुची-२७ को खण्ड (क) बमोजिमको पर्यापर्यटन सम्बन्धी कृयाकलाप कार्ययोजनामा समावेश गरी सामुदायिक वनमा सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न प्रचलित कानुन बमोजिमको प्रकृया पूरा गरी डिभिजन वन कार्यालयबाट अनुमति लिनु पर्नेछ ।

(३) उपभोक्ता समूहले ऐनको दफा ३७ बमोजिम पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न चाहेमा सामुदायिक वनको कार्ययोजनाको अधीनमा रही छुट्टै पर्यापर्यटन व्यवस्थापन योजना तयार गरी सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई सञ्चालन गर्न सक्नेछ ।

(४) सामुदायिक वनमा वन्यजन्तु पालन बाहेकका पर्यापर्यटन कार्यक्रम सञ्चालनका क्रममा वन क्षेत्र प्रयोग गर्दा ऐनको दफा ३७ को उपदफा (२) बमोजिम गर्नु पर्नेछ ।

तर पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि कुनै भौतिक संरचना निर्माण गर्नु परेमा आधा हेक्टरभन्दा बढी वनक्षेत्र प्रयोग गर्न पाइने छैन ।

(५) उपनियम (१), (२), (३) र (४) मा जुनसुकै कुरा उल्लेख भएको भएता पनि संरक्षित वन्यजन्तुको प्रजननस्थल, मुख्य वासस्थान, जैविकमार्ग, भू-क्षयको दृष्टिकोणले जोखिमक्षेत्र र कार्ययोजनाले संवेदनशील भनी किटान गरेको वनक्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

(६) उपभोक्ता समूहले सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा अनुसूची-२७ को खण्ड (ख) मा उल्लिखित निषेधित कार्य गर्न पाइने छैन ।

४५. **गरिबीको रेखामुनि रहेका उपभोक्तालाई सामुदायिक वनमा कबुलियती वन दिन सकिने**: (१) उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जन गर्न सामुदायिक वनको केही भाग गरिबीको रेखामुनि रहेका उपभोक्तालाई उपलब्ध गराउने भएमा सो विषय कार्ययोजनामा उल्लेख गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको उपभोक्ता पहिचान गर्न नेपाल सरकारको सम्बन्धित निकायले प्रदान गरेको गरिब परिवार सम्बन्धी परिचयपत्रलाई आधार लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम परिचयपत्र नभएका उपभोक्ताको स्वामित्वमा रहेको जमिनमा भएको उत्पादनबाट परिवारलाई खान पुग्ने अवधि, रोजगारी र आयआर्जनको अवस्था, पशुपन्छी संख्या, आर्थिक तथा सामाजिक अवसरमा पहुँचका आधारमा उपभोक्ताको सम्पन्नता स्तरीकरण गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको उपभोक्तालाई सामुदायिक वनको कुनै भाग उपलब्ध गराउँदा त्यस्ता उपभोक्तामध्ये अतिविपन्नम, एकल महिला, सीमान्तकृत, भूमिहीन र दलित परिवारलाई प्राथमिकता दिनु पर्नेछ ।

(५) उपनियम (२), (३) र (४) बमोजिम पहिचान भएका उपभोक्ता घरधुरीले एकल वा सामूहिक रूपमा आयआर्जन कार्यका लागि सामुदायिक वनको कुनै भाग माग गरेमा सम्बन्धित उपभोक्ता समूहको साधारण सभाको निर्णय बमोजिम उपभोक्ता समूह र गरिबीको रेखामुनि रहेका जनताको समूहबिच अनुसूची-२८ बमोजिमको सम्झौता गरी वनक्षेत्र उपलब्ध गराउन सक्नेछ ।

४६. **सामुदायिक वनमा गर्न नहुने कार्य**: (१) सामुदायिक वनमा कार्ययोजनाले निषेध गरेका कार्यको अतिरिक्त ऐनले कसुरजन्य कार्य भनी तोकेका कार्य गर्नु गराउनु हुदैन ।

तर कार्ययोजनाको अधीनमा रही घाटगद्दी निर्माण गर्न, घेरबार गर्न, समूहको कार्यालय भवन निर्माण गर्न, वन संरक्षणको लागि टहरा वा छाप्रो वा मचान बनाउन बाधा पर्ने छैन ।

(२) नेपाल सरकारको अनुमतिविना वा यस नियमावलीमा व्यवस्था भए बमोजिम बाहेक सामुदायिक वनको जग्गा कसैले प्रयोग गर्नु हुँदैन ।

(३) आफूलाई हस्तान्तरण गरेको सामुदायिक वनमा उपभोक्ता समूहले कुनै किसिमको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र अतिक्रमण भएमा डिभिजन वन कार्यालयको समन्वयमा हटाउनु पर्नेछ ।

(४) सामुदायिक वन उपभोक्ता समूह संस्थागत रूपमा कुनै राजनीतिक दलसँग आबद्ध हुन पाउने छैन ।

४७. <u>सामुदायिक वन फिर्ता लिने</u>: (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेको वा कार्ययोजना विपरीतको कार्य गरेको वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेको वा ऐन र यस नियमावली बमोजिम तोकेका शर्त पालना नगरेको जानकारी प्राप्त भएमा डिभिजनल वन अधिकृतले यथाशीघ्र वन प्राविधिक खटाइ स्थलगत निरीक्षणबाट यथार्थ विवरण प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको वन प्राविधिकले वनक्षेत्रको निरीक्षण र उपभोक्ता समूहसँगको छलफलका आधारमा प्रतिवेदन तयार गरी डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनबाट उपनियम (१) बमोजिमको अवस्था देखिएमा डिभिजनल वन अधिकृतले उपभोक्ता समूहलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनका आधारमा सामुदायिक वन फिर्ता लिन उपयुक्त देखिएमा डिभिजनल वन अधिकृतले सामुदायिक वन फिर्ता लिन

र उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम सामुदायिक वन फिर्ता लिएको र उपभोक्ता समूहको दर्ता खारेज गरेको जानकारी पन्ध्र दिनभित्र सम्बन्धित उपभोक्ता समूहलाई दिनु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले त्यस्तो निणर्यको सूचना पाएको मितिले पैंतीस दिनभित्र निर्देशक समक्ष पुनरावेदन दिन सक्नेछ ।

(७) उपनियम (६) बमोजिमको पुनरावेदन परेको मितिले नब्बे दिनभित्र निर्देशकले निर्णय गरी सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-९
## गरिबको लागि कबुलियती वन

४८. कबुलियती वन समूहको गठनः (१) ऐनको दफा ४३ को उपदफा (१) बमोजिम परापूर्वकाल देखि वनक्षेत्रसँग प्रत्यक्ष रूपमा संरक्षणमा संलग्न रहेका गरिबीको रेखामुनि रहेका घरधुरीलाई कबुलियती वन उपलब्ध गराउन देहाय बमोजिमका सदस्य रहेको कबुलियती वन समूह गठन हुनेछः-

(क) गरिबीको रेखामुनि रहेका व्यक्तिमध्ये एक जना - अध्यक्ष

(ख) गरिबीको रेखामुनि रहेका कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(ग) सम्बन्धित वन क्षेत्रका गरिबीको रेखामुनि रहेका खसआर्य, दलित, आदिवासी जनजाति, थारू, मुस्लिममध्येबाट

कम्तीमा दुई जना - सदस्य

(२) उपनियम (१) बमोजिम गठन भएको कबुलियती वन समूहमा कम्तीमा पाँच घरधुरी रहनेछन्।

(३) उपनियम (१) बमोजिम गठन भएको समूहलाई डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रूपमा उपलब्ध गराउन सक्नेछ।

(४) उपनियम (१) बमोजिम गठन हुन चाहने समूहले डिभिजन वन कार्यालयमा समूह गठन तथा कार्ययोजना तयार गर्न निवेदन दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको कार्ययोजनामा माग गरिएको वनक्षेत्र कबुलियती वनको रूपमा व्यवस्थापन गर्न उपयुक्त देखिएमा डिभिजन वन कार्यालयले कबुलियती वन समूह गठन तथा कार्ययोजना तयार गर्न प्राविधिक वन कर्मचारी खटाउनु पर्नेछ।

(६) उपनियम (२) बमोजिम समूहको घरधुरी पहिचान गर्दा डिभिजनल वन अधिकृतले स्थानीय तहको सम्बन्धित वडा कार्यालयको परामर्श लिन सक्नेछ।

(७) उपनियम (५) बमोजिम खटिएको कर्मचारीले कबुलियती वन समूह गठन गरी समूहको सहभागितामा अनुसूची-२९ मा उल्लिखित विषय समावेश गरी कार्ययोजना तयार गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिमको कार्ययोजना समूहको निर्णयसहित डिभिजन वन कार्यालयमा स्वीकृतिका लागि पेस गर्नु पर्नेछ।

(९) डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिम गठन भएको कबुलियती वन समूहको लगत राखी कबुलियती वन समूहको कार्ययोजना स्वीकृत गरी अनुसूची-३० को ढाँचामा कबुलियतनामा गराई अनुसूची-३१ बमोजिम प्रमाणपत्र दिनु पर्नेछ।

(१०) गरिबीको रेखामुनिका घरधुरीलाई बढीमा तीस वर्षको लागि

कबुलियती वन उपलब्ध गराइनेछ ।

(११) उपनियम (१०) बमोजिमको अवधि समाप्त भएमा पुनः अवधि थप गर्न सकिनेछ ।

(१२) डिभिजनल वन अधिकृतले कबुलियती वन समूह र कबुलियती वन समूहलाई उपलब्ध गराएको वनक्षेत्रको जग्गाको मोठ राखी वार्षिक विवरण निर्देशनालयमा पठाउनु पर्नेछ ।

(१२) यस नियम बमोजिम कबुलियती वन समूहलाई उपलब्ध गराइएको वनको हकमा वार्षिक रोयल्टी लाग्ने छैन ।

(१३) कबुलियती वन समूहका घरधुरी सदस्य छुट्टिई भिन्न भएमा कबुलियती वनको उपयोग गर्ने प्रयोजनका लागि एकाघरकै मानिनेछ ।

(१४) कुनै सदस्यले समूह छोडी गएमा निजको कबुलियती वन समूहको सदस्यता स्वतः रद्द हुनेछ ।

४९. कबुलियती वनको व्यवस्थापन: (१) कबुलियती वनमा रहेका वन पैदावारको संरक्षण र उपयोग कार्ययोजना बमोजिम हुनेछ ।

(२) नियम ४८ को उपनियम (१) बमोजिम गठन भएको समूहले प्रचलित कानुनको अधीनमा रही कार्ययोजना बमोजिम वन उद्यम र वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) नियम ४८ बमोजिमको समूह गठन तथा कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तहले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

तर अन्य संघ संस्थाले कार्ययोजनाको अधीनमा रही आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउँदा डिभिजनल वन अधिकृतको सहमति लिनु पर्नेछ ।

(४) नियम ४८ को उपनियम (१) बमोजिमको समूहले कबुलियती वन फिर्ता गर्न चाहेमा डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिई

प्रदेश सरकारद्वारा व्यवस्थित वनको रूपमा व्यवस्थापन गर्नु पर्नेछ ।

(५) कबुलियती वन समूहलाई कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुखको संरक्षण गरेबापत रूख बिक्री गर्दा प्राप्त हुने र कमको पचास प्रतिशत रकम सम्बन्धित कबुलियती वन समूहलाई उपलब्ध गराउनु पर्नेछ ।

५०. <u>कबुलियती वन फिर्ता लिन सक्ने</u>: (१) कवुलियती वन समूहले कार्ययोजनाको विपरीत कार्य गरेको भनी कसैले उजुर गरेमा वा कुनै स्रोतबाट कबुलियती वनमा निषेधित कार्य गरेको भन्ने सूचना प्राप्त भएमा डिभिजन वन कार्यालयले प्राविधिक वन कर्मचारी खटाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खटिएको कर्मचारीले कबुलियती वन समूहको रोहवरमा स्थलगत निरीक्षण गरी डिभिजन वन कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रतिवेदनबाट समूहले कार्ययोजना विपरीत वा निषेधित कार्य गरेको देखिएमा डिभिजनल वन अधिकृतले सम्बन्धित कबुलियती वन समूहलाई बढीमा पैतीस दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम समूहले पेस गरेको सफाइ सन्तोषजनक नभएमा त्यस्तो सफाइ पेस भएको मितिले पैतिस दिनभित्र डिभिजनल वन अधिकृतले प्रमाणपत्र खारेज गरी कबुलियती वन फिर्ता लिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको पैंतीस दिनभित्र प्रदेश वन निर्देशकसमक्ष उजुर गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिमको उजुरी सम्बन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) उपनियम (४) बमोजिम डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिएको जानकारी निर्देशनालय र मन्त्रालयलाई गराउनु पर्नेछ ।

५१. <u>कबुलियती वन समूहको टाँचा दर्ता र प्रयोग</u>: (१) कबुलियती वन समूहले अनुसूची-२६ बमोजिम फलामे टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता भएका टाँचाको विवरण तयार गरी डिभिजन वन कार्यालयले निर्देशनालय र विभागमा पठाउनु पर्नेछ ।

(३) समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (१) बमोजिमको टाँचा लगाउनु पर्नेछ ।

(४) समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी समूहको अध्यक्षको हुनेछ ।

(५) कुनै कारणबाट टाँचा हराए वा नोक्सान भएमा सोको जानकारी डिभिजन वन कार्यालयलाई तत्काल दिई पुरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गराइ प्रयोग गर्नु पर्नेछ ।

(६) डिभिजन वन कार्यालयले उपनियम (५) बमोजिम रद्द गरेको जानकारी विभाग, निर्देशनालय र सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

## परिच्छेद-१०
## धार्मिक वन सम्बन्धी व्यवस्था

५२. <u>धार्मिक वन हस्तान्तरण</u>: (१) प्रचलित कानुन बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले परापूर्व कालदेखिको धार्मिक स्थल र उक्त क्षेत्रको वरिपरिको राष्ट्रिय वन संरक्षण गर्न धार्मिक वनको रूपमा लिन चाहेमा कार्ययोजनासहित डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा डिभिजनल वन अधिकृतले निवेदनसाथ पेस भएको कार्ययोजना जाँचबुझ गरी धार्मिक

वन हस्तान्तरण गर्न उपयुक्त देखेमा अनुसूची-३२ बमोजिमको प्रमाणपत्र दिई धार्मिक वनको रूपमा हस्तान्तरण गर्न सक्नेछ ।

(३) डिभिजनल वन अधिकृतले उपनियम (२) बमोजिमको वनको लगत तयार गरी  मन्त्रालय, विभाग र निर्देशनालयमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको विवरण निर्देशनालयले अद्यावधिक गर्नु पर्नेछ ।

(५) धार्मिक वनक्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले कार्ययोजना बमोजिमको कार्यहरू मात्र गर्नु पर्नेछ ।

(६) धार्मिक निकाय, समूह वा समुदायले धार्मिक वनमा परापूर्व कालदेखि चलिआएको धार्मिक तथा सांस्कृतिक महत्वका कार्यहरू, धार्मिक वनभित्र सञ्चालन गरिने संरक्षणमुखी धार्मिक पर्यापर्यटन विकासका कार्य र प्रथा परम्परा सञ्चालन गर्नका लागि साविक देखि नै रहेका धार्मिक संरचनाको मर्मत एवम् पुर्ननिर्माण तथा शौचालय र पानी टङ्की निर्माण गर्न सक्नेछ ।

तर नयाँ भौतिक पूर्वाधारहरू निर्माण गर्न पाइने छैन ।

(७) उपनियम (६) बमोजिमको संरचना निर्माण गर्दा डिभिजनल वन अधिकृतको स्वीकृति लिई वन पैदावार प्रयोग गर्न सकिनेछ ।

(८) धार्मिक वनभित्र हावाहुरी, बाढी पहिरोबाट ढलेका रुखबाट प्राप्त भएका वन पैदावार डिभिजनल वन अधिकृतले सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ ।

(९) धार्मिक वनभित्र रहेका जोखिमयुक्त रुख हटाउन अनुरोध भई आएमा डिभिजनल वन अधिकृतले हटाउन सक्नेछ ।

(१०) उपनियम (८) र (९) बमोजिम सङ्कलित वन पैदावार डिभिजनल वन अधिकृतले लिलाम बिक्री गर्नु पर्नेछ ।

५३. धार्मिक वनको कार्ययोजना तयार गर्नु पर्ने: धार्मिक वन लिने निकायले धार्मिक वनको कार्ययोजनामा ऐनको दफा ४७ मा उल्लिखित कुराहरूका अतिरिक्त देहायका विवरण संलग्न गरी स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ :-

(क) वनको ऐतिहासिक पृष्ठभूमि,

(ख) धार्मिक वन संरक्षणका लागि अपनाइने व्यवस्था,

(ग) समूहको कोष परिचालन सम्बन्धी व्यवस्था,

(घ) धार्मिक वनभित्र सञ्चालन गरिने संरक्षणमुखी धार्मिक पर्यापर्यटन सम्बन्धी कार्य ।

५४. धार्मिक वनमा गर्न नहुने कार्य: (१) धार्मिक वनमा ऐनले तोकेका कसुर जन्य कार्य र कार्ययोजनाले निषेध गरेका कार्यका अतिरिक्त देहाय बमोजिमका कार्य गर्नु गराउनु हुँदैन:-

(क) धार्मिक वनको जग्गालाई निजी जग्गाको रूपमा दर्ता गर्न, भाडामा दिन, धितो बन्धकी राख्न वा कुनै किसिमले हक वा स्वामित्व हस्तान्तरण गर्ने कार्य,

(ख) नयाँ स्थायी भौतिक संरचना निर्माण,

(ग) धार्मिक वनको भू-उपयोग स्थायी रूपमा परिवर्तन गर्ने कार्य,

(घ) वनक्षेत्र मास्न र भू-क्षय तथा वातावरणीय विनाश हुने कुनै कार्य,

(ङ) प्रचलित कानुन बमोजिम संरक्षित वन्यजन्तु पक्रन वा मार्न वा हानिनोक्सानी पुर्‍याउने कार्य,

(च) वन अतिक्रमण तथा अतिक्रमणलाई प्रोत्साहन हुने कुनै कार्य,

(छ) ढुंगा, गिट्टी, बालुवा, चट्टान, माटो र अन्य खानी तथा

खनिजजन्य पदार्थ निकाल्न वा ओसारपसार गर्ने कार्य, र

(ज) प्रदेश सरकारको निर्णय बमोजिम राजपत्रमा प्रकाशन गरी निषेध गरिएका कार्य ।

(२) उपनियम (१) बमोजिमको कुनै कार्य गरेमा ऐन र प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

## परिच्छेद-११
## निजी वन सम्बन्धी व्यवस्था

५५. निजी वन दर्ताः (१) निजी वन दर्ता गर्न चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ता प्रयोजनको लागि सिफारिस लिन अनुसूची-३३ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदनउपर सम्बन्धित डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयले जाँचबुझ गरी निजी वन दर्ताको लागि सिफारिस गर्न सक्नेछ ।

(३) निजी वन दर्ता गराउन चाहने व्यक्ति वा संस्थाले उपनियम (२) बमोजिम प्राप्त सिफारिस र देहाय बमोजिमका कागजातको प्रतिलिपि संलग्न गरी अनुसूची-३४ बमोजिम सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछः-

(क) निजी वन दर्ता गराउन चाहेको जग्गाको हकभोग र स्वामित्वको जग्गाधनी प्रमाण पुर्जा,

(ख) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्र, संस्थाको नवीकरण खुल्ने कागजात र संस्थाको भ्याट वा प्यान सम्बन्धी कागजात,

(ग) मालपोत तिरेको रसिद,

(घ) नापी कार्यालयले प्रमाणित गरेको नक्सा र फिल्डबुक,

(ङ) सम्बन्धित व्यक्ति वा सँस्थाको पदाधिकारीको नागरिकताको प्रमाणपत्र ।

(४) लिजमा लिएको जग्गाको हकमा निजी वन दर्ता गर्नु पर्ने भएमा लिजमा दिने र लिजमा लिने पक्षको बिचमा भएको आधिकारिक करारनामा र संयुक्त निवेदन पेस गर्नु पर्नेछ ।

(५) स्थानीय तहले निजी वन दर्ता गरी अनुसूची-३५ बमोजिम निजी वनको धनीलाई प्रमाणपत्र दिनु पर्नेछ ।

(६) जग्गा लिजमा लिई निजी वन लगाएको हकमा कबुलियतनामामा उल्लेख भएको अवधिभरका लागि निजी वनको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने गरी लिजमा लिने व्यक्तिको नाममा अनुसूची-३५ बमोजिम प्रमाणपत्र दिन सकिनेछ ।

(७) निजी वनको अद्यावधिक लगत सम्बन्धित स्थानीय तहले राख्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिमको विवरण स्थानीय तहले सम्बन्धित डिभिजन वन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(९) निजी वन धनीले ऐन तथा प्रचलित कानुन बमोजिम प्रतिबन्धित बाहेकका वन पैदावार वर्षभरि नै सङ्कलन, ओसारपसार तथा बिक्री वितरण गर्न सक्नेछ ।

**५६. <u>निजी वनको वन पैदावार कटान र ओसारपसार</u>:** (१) यस परिच्छेद बमोजिम दर्ता भएका वा दर्ता नभएका निजी वन धनीले निजी वन रहेकै स्थानीय तहभित्र आफ्नो प्रयोजनको लागि निजी वनको वन पैदावार प्रयोग गर्ने भएमा सो वन पैदावारको जात र परिमाण खोली अनुसूची-३६ बमोजिम तोकिएका कागजात संलग्न गरी सम्बन्धित स्थानीय तहमा वन पैदावार सङ्कलनका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पेस हुन आएमा स्थानीय

तहले नापी कार्यालयको प्राविधिक र वन प्राविधिकको सहयोग तथा सम्बन्धित जग्गाको साँध सँधियारको सहभागितामा जाँचबुझ गर्दा सङ्कलन वा कटानका लागि माग गरिएको वन पैदावार निवेदकको देखिन आएमा अनुसूची-३७ बमोजिम स्थानीय तहले सङ्कलन वा कटान इजाजत प्रदान गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सङ्कलन गरिएका वन पैदावार सम्बन्धित स्थानीय तहबाट अनुसूची-३८ बमोजिम छोडपूर्जी लिई ओसारपसार गर्न सकिनेछ ।

(४) यस परिच्छेद बमोजिम दर्ता भएका वा दर्ता नभएका निजी वन धनीले निजी वन रहेको स्थानीय तहबाट सोही जिल्लाभित्रको अन्य स्थानीय तह वा अन्यत्र जिल्लामा वन पैदावार ओसारपसार गर्ने भएमा वन पैदावारको जात र परिमाण खोली अनुसूची-३९ बमोजिम तोकिएका कागजात संलग्न गरी सम्बन्धित सब-डिभिजन वन कार्यालयमार्फत वा सोझै डिभिजन वन कार्यालयमा वन पैदावार सङ्कलन वा कटानका लागि निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम निवेदन पेस हुन आएमा डिभिजन वन कार्यालयले नापी कार्यालयको प्राविधिकको सहयोग तथा सम्बन्धित वडा कार्यालयको प्रतिनिधि एवम् सम्बन्धित जग्गाको साँधसँधियारको सहभागितामा जाँचबुझ गर्दा कटान वा सङ्कलनका लागि माग गरिएको वन पैदावार निवेदकको ठहर हुन आएमा अनुसूची-४० बमोजिम डिभिजन वन कार्यालयले वन पैदावार कटान वा सङ्कलन इजाजत प्रदान गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम कटान वा सङ्कलन गरिएका वन पैदावार अनुसूची-४१ बमोजिम डिभिजन वन कार्यालयबाट छोडपूर्जी लिई वन चेक पोष्टमा दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ ।

(७) छोडपूर्जी भएका वन पैदावार ओसारपसार गर्दा डिभिजन वन कार्यालयमा रहेको टाँचा र सिल प्रयोग गर्नु पर्नेछ ।

(८) उपनियम (१), (२), (३), (४), (५), (६) र (७) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस परिच्छेद बमोजिम दर्ता भएका वा दर्ता नभएका निजी वन धनीले त्यस्तो निजी वनमा रहेका अनुसूची-४२ बमोजिमका रुख आफूखुशी सङ्कलन, ओसारपसार र बिक्री गर्दा स्वीकृति लिनु नपर्ने कृषि वस्तु सरह लगत प्रमाणित गराई ओसारपसार गर्न सक्नेछ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस परिच्छेद बमोजिम दर्ता भएका वा नभएका निजी वन धनीले त्यस्तो वनमा रहेका अनुसूची-४३ बमोजिमका जडिबुटी तथा अन्य वन पैदावार आफूखुशी सङ्कलन, ओसारपसार र बिक्री गर्दा स्वीकृति लिनु नपर्ने कृषि वस्तु सरह लगत प्रमाणित गराइ ओसारपसार गर्न सक्नेछ।

(१०) उपनियम (८) र (९) बमोजिम काठदाउरा, जडिबुटी तथा अन्य वन पैदावार ओसारपसार गर्दा सम्बन्धित डिभिजन वन कार्यालय वा सम्बन्धित सब-डिभिजन वन कार्यालयबाट काठदाउराको हकमा अनुसूची-४४ बमोजिम र जडिबुटी वा अन्य वन पैदावारको हकमा अनुसूची-४५ बमोजिम लगत प्रमाणित गराउनु पर्नेछ।

५७. <u>निजी जग्गामा कृषि वन र जडीबुटी खेती सम्बन्धी व्यवस्था</u>: (१) निजी वन धनीले निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा प्रचलित वातावरण सम्बन्धी कानुन र जडीबुटी खेती तथा प्रशोधन सम्बन्धी प्रचलित कानुनमा तोकिएका मापदण्डको पालना गर्नु पर्नेछ।

(२) निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर नपर्ने गरी गर्नु पर्नेछ।

५८. <u>निजी वनमा वन्यजन्तु पालन सम्बन्धी व्यवस्था</u>: निजी वनमा वन्यजन्तु पालन सम्बन्धी व्यवस्था प्रचलित वन्यजन्तु सम्बन्धी कानुन बमोजिम हुनेछ।

## परिच्छेद-१२

## सार्वजनिक जग्गामा वन विकास तथा सहरी वन सम्बन्धी व्यवस्था

५९. सार्वजनिक जग्गामा वन विकासः (१) स्थानीय तहले ऐनको दफा ६० को उपदफा (१) बमोजिम सार्वजनिक जग्गामा उपभोक्ता समूहमार्फत वन विकास, संरक्षण र व्यवस्थापन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको उपभोक्ता समूहको काम, कारबाही सञ्चालन गर्न उपभोक्ता समूहको साधारण सभाबाट देहाय बमोजिमका सदस्य रहेको कार्यसमिति चयन गर्नेछः-

(क) समूहको सदस्य मध्ये एक जना -अध्यक्ष

(ख) समूहको सदस्यमध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(ग) सम्बन्धित वन क्षेत्रका गरिबीको रेखामुनि रहेका खसआर्य, दलित, आदिवासी जनजाति, थारू, मुस्लिममध्येबाट कम्तीमा दुई जना - सदस्य

(३) उपनियम (१) बमोजिमको उपभोक्ता समूह सम्बन्धित स्थानीय तहमा दर्ता हुनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दर्ता भएको समूहको वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन गर्न डिभिजनल वन अधिकृतले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको कार्ययोजना सम्बन्धित स्थानीय तहले स्वीकृत गरी उपभोक्ता समूहसँग सम्झौता गरी सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न अनुसूची-४६ बमोजिम प्रमाणपत्र दिनु पर्नेछ।

(६) स्थानीय तहले उपनियम (५) बमोजिम उपभोक्ता समूहको अद्यावधिक विवरणको जानकारी डिभिजन वन कार्यालयलाई गराउनु पर्नेछ।

(७) सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्दा कार्ययोजना बमोजिम

प्राप्त हुने वन पैदावार सम्बन्धित उपभोक्ता समूहले स्थानीय तहसँगको सम्झौता अनुसार मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(८) सार्वजनिक जग्गामा रहेको वन पैदावार कटान गर्दा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ र वन पैदावार ओसारपसार गर्दा डिभिजन वन कार्यालयको टाँचा तथा सिल प्रयोग गर्नु पर्नेछ।

(९) सार्वजनिक जग्गामा रहेको वन पैदावार बिक्री वितरणबाट प्राप्त रकममध्ये कम्तीमा पच्चीस प्रतिशत रकम वन व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रकम सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहबिच भएको सम्झौता बमोजिम बाँडफाँट गर्नु पर्नेछ।

(१०) उपनियम (१) बमोजिमको जग्गामा सम्बन्धित स्थानीय तहले सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न सिफारिस गरेमा डिभिजनल वन अधिकृतले उपभोक्ता समूह गठन गरी वन व्यवस्थापन कार्ययोजना तयार गरी सामुदायिक वनको रूपमा मान्यता दिन सक्नेछ।

(११) स्थानीय तहले ऐनको दफा ६० को उपदफा (१) बमोजिम वनको विकास, संरक्षण र व्यवस्थापन गर्दा निजी क्षेत्रसँगको लागत साझेदारीमा समेत गर्न सक्नेछ।

६०. <u>सहरी वनको विकास र व्यवस्थापनः</u> (१) ऐनको दफा ६१ को उपदफा (१) बमोजिम सरकारी, सार्वजनिक वा संघ संस्थाको स्वामित्वमा रहेको खाली जग्गा, खुला चौर, पर्ती जग्गा, सडक किनार, नहर किनार, नदी तथा ताल तलैयाको किनार, सांस्कृतिक तथा धार्मिक क्षेत्र एवं खेल मैदान वरिपरि रहेको जग्गा सहरी वनको रूपमा स्थापना, विकास तथा व्यवस्थापन गर्न सहरी वन स्थापना, विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको जग्गामा स्थानीय तहले सहरी वनको विकास तथा व्यवस्थापनको लागि त्यस्तो जग्गाको स्वामित्व रहेको सम्बन्धित निकायको स्वीकृति लिई व्यवस्थापन योजना तयार गरी सहरी वन विकास गर्नु पर्नेछ।

(३) स्थानीय तहले उपनियम (२) बमोजिमको व्यवस्थापन योजनाको आधारमा सहरी वनको विकास, संरक्षण तथा हेरचाह प्रचलित कानुन बमोजिम गर्न सक्नेछ ।

(४) स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र सहरी वनको प्रवर्द्धनको लागि सम्बन्धित डिभिजन वन कार्यालयसँगको समन्वयमा सहरी वन योजना तयार गरी मन्त्रालयको सहमति लिई लागु गर्न सक्नेछ ।

(५) सहरी वनमा स्वीकृत व्यवस्थापन योजनामा उल्लिखित पर्यापर्यटन गतिविधि सञ्चालन गर्न सकिनेछ ।

(६) सहरी वनमा वृक्षारोपण गर्दा जलवायु परिवर्तन न्यूनीकरण, जल तथा वायुका कारण हुने विपद जोखिम न्यूनीकरणमा सहयोगी हुने सौन्दर्यवर्द्धक प्रजातिका बिरुवाहरूलाई प्राथमिकता दिनु पर्नेछ ।

(७) स्थानीय तहलाई उपनियम (१) बमोजिमको क्षेत्रमा सहरी वनको संरक्षण र विकास गर्न वित्तीय संस्था, हवाई कम्पनी वा अन्य संघ संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गर्न सक्नेछन् ।

६१. <u>प्रतिस्पर्धात्मक सहरी वन व्यवस्थापनः</u> (१) नियम ६० को उपनियम (१) बमोजिम कुनै क्षेत्रमा सहरी वनको प्रतिस्पर्धात्मक तथा व्यावसायिक रूपमा विकास, संरक्षण र व्यवस्थापन गर्न सम्बन्धित स्थानीय तहले इच्छुक संघसंस्था, समुदाय, उपभोक्ता समूह वा निजी क्षेत्रलाई व्यावसायिक योजनासहित आर्थिक तथा प्राविधिक प्रस्ताव पेस गर्न आह्वान गर्न सक्नेछ ।

(२) स्थानीय तहले उपनियम (१) बमोजिम प्राप्त हुन आएका प्रस्तावमध्ये उपयुक्त प्रस्ताव छनौट गरी प्रस्तावकको व्यवस्थापन योजना स्वीकृत गरी निश्चित अवधिको लागि प्रचलित कानुन बमोजिम सम्झौता गरी वनको विकास, संरक्षण र व्यवस्थापनको जिम्मेवारी दिन सक्नेछ ।

(३) सहरी वनको व्यवस्थापन गर्दा उपनियम (२) बमोजिमको सम्झौता र व्यवस्थापन योजना विपरीतका कार्य गरेमा स्थानीय तहले सम्झौता खारेज गरी कुनै हानिनोक्सानी भएमा बिगो समेत असुल उपर

गर्न सक्नेछ ।

## परिच्छेद-१३
## बेवारिसी तथा दहत्तर बहत्तर काठ सम्बन्धी व्यवस्था

६२. <u>बेवारिसी तथा दहत्तर बहत्तर काठदाउरा व्यवस्थापनः</u> (१) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका बेवारिसी तथा दहत्तर बहत्तर काठदाउरा सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम घाटगद्दी गरिएका बेवारिसी तथा दहत्तर बहत्तर काठदाउराको पूरा विवरण र लगत खोली डिभिजनल वन अधिकृतले त्यस्तो काठदाउराको हकदाबी सम्बन्धी सूचना सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा टाँस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचनामा उल्लिखित काठदाउरामा हकदाबी गर्ने व्यक्ति, उपभोक्ता समूह, संघ संस्था वा निकायले त्यस्तो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र देहायका प्रमाण कागजातसहित आफ्नो हकदाबीको निवेदन डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछः-

(क) काठदाउरा प्राप्त गरेको वा काठदाउराको स्वामित्व प्रमाणित हुने प्रमाण कागजात,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ग) हकदाबी प्रमाणित हुने प्रमाण ।

(४) उपनियम (३) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले प्राविधिक वन कर्मचारी खटाई सो सम्बन्धी अध्ययन गरी हकदाबी पुग्ने वा नपुग्ने यकिन रायसहितको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रतिवेदनको आधारमा डिभिजनल

वन अधिकृतले निर्णय गर्नु पर्नेछ ।

(६) डिभिजनल वन अधिकृतबाट निवेदकको हकदाबी पुग्ने निर्णय भएमा काठदाउरा सम्बन्धित व्यक्ति, उपभोक्ता समूह, संघ संस्था वा निकायलाई उक्त काठदाउरा सङ्कलन गर्दा लागेको खर्च लिई जिम्मा दिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिमको काठदाउरा व्यावसायिक प्रयोजनका लागि बिक्री गर्नु परेमा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ ।

(८) उपनियम (५) बमोजिम हकदाबी नपुग्ने निर्णय भएमा चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष पुनरावेदन गर्न सक्नेछ र निजले गरेको निर्णय अन्तिम हुनेछ ।

(९) उपनियम (१) बमोजिम घाटगद्दी गरिएका काठदाउरामध्ये हकदाबी नपुग्ने निर्णय भएका काठदाउरा डिभिजनल वन अधिकृतले लिलाम बिक्री गर्नु पर्नेछ ।

## परिच्छेद- १४
## जलाधार व्यवस्थापन

६३. <u>जलाधार क्षेत्र व्यवस्थापन योजना</u>: भू तथा जलाधार व्यवस्थापन कार्यालयले अति संवेदनशील जलाधार क्षेत्रको व्यवस्थापन योजना तयार गरी अनुसूची-४७ बमोजिम स्वीकृतिको लागि निर्देशनालय समक्ष पेस गर्नु पर्नेछ ।

६४. <u>अध्ययन तथा जाँचबुझ समिति</u>: (१) नियम ६३ बमोजिम पेस भएको व्यवस्थापन योजना प्रदेश वन निर्देशकले देहाय बमोजिमको समितिबाट अध्ययन तथा जाँचबुझ गरी स्वीकृत गर्नु पर्नेछ :-

(क) वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत, निर्देशनालय - संयोजक

(ख) प्रमुख, योजना शाखा, मन्त्रालय - सदस्य

(ग) प्रमुख, सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय - सदस्य

(घ) प्रमुख, सम्बन्धित डिभिजन वन कार्यालय - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, सम्बन्धित कृषि ज्ञान केन्द्र - सदस्य

(२) उपनियम (१) बमोजिम गठन भएको समितिको सदस्य सचिव प्रदेश वन निर्देशकले तोकेको सम्बन्धित सेवाको अधिकृत कर्मचारी रहनेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद- १५
## विविध

६५. **वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न सक्ने**: (१) वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न सम्बन्धित डिभिजन वन कार्यालयले संरक्षण र संवर्द्धनका क्रियाकलाप समावेश गरी दश वर्षे कार्ययोजना तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम पेस भएको कार्ययोजना उपयुक्त देखेमा स्वीकृत गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृत कार्ययोजना सम्बन्धित डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नु पर्नेछ ।

६६. **वन बिउ उद्यान सम्बन्धी व्यवस्था**: (१) मन्त्रालयले वन विकासको लागि गुणस्तरीय वन बिउ उत्पादन गर्न राष्ट्रिय वनको कुनै भागलाई वन बिउ उद्यानको रूपमा घोषणा गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको वन बिउ उद्यानको संरक्षण र व्यवस्थापन ऐनको दफा ९९ बमोजिमको निर्देशिका वा कार्यविधि अनुरुप

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सहयोग लिई डिभिजन वन कार्यालयले गर्नेछ ।

६७. अभयारण्य (स्याङ्कचुअरी) सम्बन्धी व्यवस्था: (१) ऐनको दफा ८७ को प्रावधान कार्यान्वयन गर्न मन्त्रालयले लोपोन्मुख अवस्थामा रहेका वा जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण रहेका जङ्गली पशुपन्छी, जीवजन्तु, सरिसृपको बासस्थान संरक्षणका लागि प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भागलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अभयारण्य क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रजाति विशेषको संरक्षणका लागि अभयारण्य क्षेत्र घोषणा गर्न सक्नेछ ।

(३) यो नियमावली जारी हुनुअघि घोषणा भएको अभयारण्य क्षेत्र यसै नियम बमोजिम घोषणा भएको मानिनेछ ।

(४) अभयारण्य सम्बन्धी अन्य व्यवस्था ऐनको दफा ९९ बमोजिमको निर्देशिका वा कार्यविधि अनुरुप हुनेछ ।

६८. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था: (१) ऐनको दफा ९३ बमोजिम वनको संरक्षण, विकास र उपयोगका सम्बन्धमा मन्त्रालय, निर्देशनालय तथा डिभिजन वन कार्यालयले मातहतका निकायको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) ऐनको दफा ५१ बमोजिम गठित उपभोक्ता समूहबाट सञ्चालन हुने क्रियाकलापको अनुगमन डिभिजनल वन अधिकृतले गर्नेछ ।

(३) नियम १३ को उपनियम (२) बमोजिम उपलब्ध गराइएको काठदाउरा उपयोगका सम्बन्धमा डिभिजनल वन अधिकृतले अनुगमन गर्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिम मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र वन संरक्षण, व्यवस्थापन, सदुपयोग, वन सम्बन्धी मुद्दाको विवरण, वन विकास कार्यको अनुगमन

सूचक निर्धारण गरी नियमित रूपमा गरिएको अनुगमनको अभिलेख राख्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको अभिलेखका आधारमा प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालय र मन्त्रालयले आवधिक समीक्षा गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको प्रतिवेदन डिभिजनल वन अधिकृतले प्रदेश वन निर्देशक समक्ष र प्रदेश वन निर्देशकले मन्त्रालयको सचिव एवं महानिर्देशक समक्ष पेस गर्नु पर्नेछ ।

६९. वार्षिक प्रतिवेदनः साझेदारी वन र सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-४८ बमोजिम आर्थिक विवरण र वनको अवस्था समेत खुलाई आफूले गरेका कृयाकलापको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित डिभिजन वन कार्यालय र स्थानीय तहमा पेस गर्नु पर्नेछ ।

७०. ड्रेस कोड सम्बन्धी व्यवस्था: मन्त्रालय र मातहतका निकायमा कार्यरत वन सेवाको जनरल फरेष्ट्री समूहका विभिन्न पदका कर्मचारीको ड्रेस कोड अनुसूची-४९ बमोजिम हुनेछ ।

७१. जिल्ला वनक्षेत्र समन्वय समितिः (१) ऐनको दफा ९५ बमोजिम वन स्रोत, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण, व्यवस्थापन एवं दिगो उपयोग, विकास र वातावरणबिच सन्तुलन कायम राख्ने कार्यमा सहजीकरण तथा समन्वय गर्न प्रत्येक जिल्लामा प्रदेश सरकारले मापदण्ड बनाई तोके बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिको बैठक कम्तीमा वर्षको एक पटक बस्नेछ र आवश्यकता भएमा थप बैठक बस्न कुनै बाधा पर्ने छैन ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

७२. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: नियम ७१ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) जिल्लाभित्रको वन, वन्यजन्तु तथा जलाधारको संरक्षण, व्यवस्थापन र विकास लागि सहजीकरण गर्ने,

(ख) जिल्लाको वन विकास योजना, आवधिक एवं वार्षिक विकास योजना, ऐन तथा नियमावलीमा तोकिए बमोजिम योजना तर्जुमा, कार्यक्रम तथा आयोजनाको पहिचान तथा प्राथमिकीकरण गर्न सहजीकरण गर्ने,

(ग) वन संरक्षण तथा व्यवस्थापनमा देखा परेका समस्या समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(घ) वन विकास योजना तथा वार्षिक विकास योजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गरी प्रतिवेदन तयार गर्ने र समीक्षा गर्ने,

(ङ) वन क्षेत्रको दिगो विकासका लागि स्थानीय तहसँग समन्वय गर्ने,

(च) वन उपभोक्ता समूहमा आएको विवाद समाधान गर्ने गराउने,

(छ) वन उपभोक्ता समूहको क्षेत्र र वन सीमा सम्बन्धी विवाद भएमा सहजीकरण गर्ने ।

७३. <u>**सहयोग लिन सक्ने**</u>: ऐनको दफा ५१ बमोजिम गठन भएका उपभोक्ता समूहले ऐन तथा यस नियमावली बमोजिमका कार्यहरू गर्न सम्बन्धित निकाय, संघ संस्था, वन प्राविधिक वा योग्यता प्राप्त सेवा प्रदायकबाट आवश्यक सहयोग लिन सक्नेछ ।

७४. <u>निर्देशन पालना गर्नु पर्ने</u>: यस नियमावलीमा उल्लिखित कुराको अतिरिक्त यस नियमावली बमोजिम गठित समितिले नेपाल सरकार र

प्रदेश सरकारले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ।

**७५.** <u>अधिकार प्रत्यायोजन</u>: मन्त्रालयले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार निर्देशनालय, आफू मातहतका निकाय वा सहायक वन अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

७६. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>: मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

७७. <u>बचाउ</u>: यो नियमावली प्रारम्भ हुनुअघि वन नियमावली, २०५१ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची -१

(नियम ५ को उपनियम (७) सँग सम्बन्धित)

ढलापडा तथा सुख्खड खडा रुखहरू कटान तथा सङ्कलन गर्दा अपनाउनु पर्ने प्रकृया

१. प्रत्येक खण्ड (ब्लक) मा रहेका ढलापडा तथा सुख्खड खडा रुखहरूको लगत विवरण तयार गर्नु पर्ने

२. ढलापडा तथा सुख्खड खडा रुखहरूको लगत विवरण तयार गर्दा त्यस्ता रुखहरूको जि.पि.एस. अवस्थिति (लोकेसन) र फोटो समेत संलग्न गर्ने

३. कुनै पनि खण्ड (ब्लक) मा ढलापडा तथा सुख्खड खडा रुखहरू काट्दा त्यस्ता रुखहरूको संख्याको २५% रुखहरू छाडेर बाँकी ७५% रुखहरू मात्र काट्ने

४. बाहिरबाट हेर्दा स्पष्ट रूपमा धोंद देखिने रुखहरू जनावर तथा चराचुरुङ्गीको बासस्थान हुने भएको हुँदा त्यस्ता रुखहरू कटान नगर्ने

५. ४५ डिग्रीभन्दा बढी भिरालो र नदि किनारबाट १० मिटर भित्रका ठाउँहरूमा सुकेका रुखहरू रहेको भए पनि त्यस्ता रुखहरू कटान नगर्ने

६. अतिक्रमित क्षेत्रहरूमा सुके/ढलेका रुखहरू कटान गर्नु पर्ने अवस्था भए सो ठाउँहरूमा वन क्षेत्रको रेखाङ्कन (Demarcation) गरेर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरेपश्चात मात्र कटान गर्ने

७. काट्न नहुने २५% रुखहरूलाई रातो रङको गोला लगाई छोडिएको भनी जनाउन "छो" भनेर लेख्ने र हटाउनु पर्ने रुखहरूमा पहेंलो रङको गोला लगाई काट्ने भनी जनाउन "का" भनेर लेख्ने। यसरी नम्बरिङ्ग गर्ने काम डिभिजनल वन अधिकृतको निर्देशनमा कम्तीमा रेञ्जर सरहको कर्मचारीले गर्ने ।

८. नम्बरिङ्ग भई सकेपछि फिल्डमा खटिएको कर्मचारीले डिभिजनल वन अधिकृत समक्ष प्रतिवेदन पेस गर्ने ।

९. प्रतिवेदन प्राप्त भएपश्चात डिभिजनल वन अधिकृत वा निजले खटाएको अधिकृत प्रतिनिधिले सम्पूर्ण क्षेत्रको स्थलगत निरीक्षण गरी आफ्नो राय सहितको प्रतिवेदन निर्देशनालयमा पेस गर्ने ।

१०. डिभिजनल वन अधिकृतको प्रतिवेदन उपर प्रदेश वन निर्देशकले समिति गठन गरी कम्तीमा १०% रुखहरूको निरीक्षण गराई रुखहरू काट्न उपयुक्त हुने भनी प्रतिवेदन दिएमा मात्र त्यस्ता रुखहरू कटान गर्ने ।

## अनुसूची-२

### (नियम ५ को उपनियम (८) सँग सम्बन्धित)

### दैबी प्रकोपबाट क्षति भएकारुख,सुख्खड खडा रुख र विकास निर्माणका क्रममा हटाइने रुख सङ्कलनपश्चात कुल सञ्चिति र वार्षिक स्वीकार्य कटान परिमाण समायोजन फाराम

| क्र सं | वन को नाम | खण्ड को नाम | कार्ययोजना स्वीकृतीका बखत कायम रहेको वन पैदावार प्रजातिहरूको कूल संचिति सम्बन्धी विवरण | | | | कार्ययोजना स्वीकृतीका बखत कायम रहेको वन पैदावार प्रजातिहरूको वार्षिक स्वीकार्य कटान सम्बन्धी विवरण | | | | दैवि प्रकोपबाट क्षति भएका रुख , सुख्खड खडा रुख र विकास निर्माणबाट हटाईने रुखबाट सङ्कलित वन पैदावार विवरण | | | | वन पैदावार सङ्कलन पश्चात कायम हुने वन पैदावारको कूल संचिति सम्बन्धी नयाँ विवरण | | | | वन पैदावार सङ्कलन पश्चात कायम हुने वन पैदावारको वार्षिक स्वीकार्य कटान सम्बन्धी नयाँ विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रजाति | रुख संख्या | आयतन (क्यूविक फिट) | दाउरा (चट्टा) | प्रजाति | रुख संख्या | आयतन (क्यूविक फिट) | दाउरा (चट्टा) | प्रजाति | रुख संख्या | आयतन (क्यूविक फिट) | दाउरा (चट्टा) | प्रजाति | रुख संख्या | आयतन (क्यूविक फिट) | दाउरा (चट्टा) | प्रजाति | रुख संख्या | आयतन (क्यूविक फिट) | दाउरा (चट्टा) | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची -३

(नियम ६ सँग सम्बन्धित)

काठदाउराको मूल्य दर

(क) गोलिया काठको मूल्य

| क.सं. | काठको प्रजाति | स्तर (ग्रेड) | प्रति घनफिट रोयल्टी रु. |
|---|---|---|---|
| १ | जङ्गली सिसौ *(Dalbergia sissoo)* | ए | १०००। |
| | | बी | ८००। |
| | | सी | ५००। |
| | | डी | ३००। |
| २ | साल *(Shorea robusta)* | ए | १०००। |
| | | बी | ७००। |
| | | सी | ५००। |
| | | डी | २५०। |
| ३ | चाँप (*Magnolia spp.*) | ए | ७००। |
| | | बी | ५००। |
| | | सी | ३००। |
| ४ | असना (*Terminalia tomentosa*) | ए | ४००। |
| | | बी | ३००। |
| | | सी | १००। |
| ५ | कर्मा (*Haldina cordifolia*) | ए | ४००। |
| | | बी | ३००। |
| | | सी | १००। |
| ६ | जामुन (*Syzygium spp.*) | ए | ४००। |
| | | बी | ३००। |
| | | सी | १००। |
| ७ | सिसौ (वृक्षारोपण) *(Dalbergia sissoo)* | ए | ७००। |
| | | बी | ५००। |
| ८ | खोटेसल्ला (Pinus roxburghii) | ए | ३५०। |
| | | बी | २५०। |

| | | | |
|---|---|---|---|
| ९ | गोब्रे सल्ला (Pinus wallichiana) | ए | ३५०।- |
| | | बी | २५०।- |
| १० | टुनी (*Toona ciliata*) | ए | ३००।- |
| | | बी | २००।- |
| ११ | कालो र रातो सिरिस (Albizia spp.) | ए | ३००।- |
| | | बी | २००।- |
| १२ | गम्हारी (Gmelina arborea) | ए | ३००।- |
| | | बी | २००।- |
| १३ | उत्तिस *(Alnus nepalensis)* | ए | ३००।- |
| | | बी | २००।- |
| १४ | पाटेसल्ला *(Pinus patula)* | ए | ३००।- |
| | | बी | २००।- |
| १५ | सतिसाल *(Dalbergia latifolia)* | — | १६००।- |
| १७ | विजय साल *(Pterocarpus marsupium)* | — | १०००।- |
| १८ | सागवान (Tectona grandis) | — | ८००।- |
| १९ | ओखर *(Juglans regia)* | — | ५००।- |
| २० | दार (Debregeasia saeneb) | — | ५००।- |
| २१ | सन्दन/ पाजन *(Desmodium oojeinense)* | — | ३००।- |
| २२ | हर्रो (*Terminalia chebula*) | — | २००।- |
| | बर्रो (*Terminalia bellirica*) | | |
| | फल्दु (Mitragyna parvifolia) | | |
| | कटुस (Castanopsis indica) | | |
| | चिलाउने (Schima wallichii) | | |
| | सौर (Betula alnoides) | | |
| | ठिङ्ग्रे सल्ला (*Tsuga dumosa*) | | |
| | अन्य सल्लो (Larix spp.) | | |
| | तालीसपत्र (*Abis pindrow & Abis spectsbilis*) | | |
| | देवदार *(Cedrus deodara)* | | |

| | | | |
|---|---|---|---|
| | स्प्रुस (Picea spp.) | | |
| | आँप (Magnifera indica) | | |
| २३ | मसला (Eucalyptus spp.) | — | १७५।- |
| २४ | सिमल *(Bombax ceiba)* | — | १५०।- |
| २५ | सेतो सिरिस (Albizia spp.) | — | १००।- |
| | भुड्कुल *(Hymenodictyon orixense)* | | |
| | गुटेल (*Mallotus repandus*) | | |
| | पपलर (Populus spp.) | | |
| | टिकुल | | |
| | बाँझी *(Anogeissus latifolia)* | | |
| | बोटधगेरो (*Lagerstroemia parviflora*) | | |
| २६ | खयर *(Acacia catechu)* (आयतन निकाल्दा लम्बाईलाई पनि अन्तिम इन्चसम्म नाप्ने) | — | १०००।- |
| | | | ३३।-प्रति किलोग्राम |
| २७ | श्वेत चन्दन *(Santalum album)* | — | २४००।- |
| | | | ८००।-प्रति किलोग्राम |
| २८ | अन्य जात (उल्लेख भए देखि बाहेक) | — | ९५।- |

(ख) <u>जरा ठुटाको मूल्य</u>

| क.सं. | प्रजाति | रोयल्टी रु. |
|---|---|---|
| १ | खयर *(Acacia catechu)* | ३३।-प्रति किलोग्राम |
| २ | साल *(Shorea robusta)* | १५०।- प्रति ठुटा |
| ३ | अन्य | ४०।- प्रति ठुटा |

(ग). <u>बल्लाबल्लीको मूल्य</u>

| क.सं. | प्रजाति | एकाइ | रोयल्टी रु. |
|---|---|---|---|
| १ | साल *(Shorea robusta)* | प्रति गोटा | ३००।- |
| २ | मसला *(Eucalyptus spp.)* | प्रति गोटा | ५०।- |
| ३ | कटुस (Castanopsis indica) | प्रति गोटा | २५।- |

(घ) <u>दाउराको मूल्य</u>

| क.सं. | प्रयोजन | प्रजाति | रोयल्टी रु. |
|---|---|---|---|
| १ | व्यापारिक | (क) साल *(Shorea robusta)* | १२,०००।- प्रति चट्टा |
| | | | १।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) सिसौ र टिक | १२,०००।- प्रति चट्टा |
| | | | १।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) साल र अन्य प्रजाति मिस्रित | ८,०००।- प्रति चट्टा |
| | | | १।०० प्रति किलोग्राम |
| | | (ग) अन्य | ४,०००।- प्रति चट्टा |
| | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| २ | दाह संस्कार | (क) साल *(Shorea robusta)* | २,०००।- प्रति चट्टा |
| | | | ०।२५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) अन्य | १,०००।- प्रति चट्टा |
| | | | ०।१५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| ३ | घरकाज | (क) साल *(Shorea robusta)* | ६,०००।- प्रति चट्टा |
| | | | ०।७५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |
| | | (ख) अन्य | ३,०००।- प्रति चट्टा |
| | | | ०।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत) |

(ङ) कृषि औजार (हलो , जुवा, हेगा, हरिस) र दैवी प्रकोपमा परेका परिवारलाई दिइने काठमा माथि उल्लिखित रोयल्टी मूल्यको १० प्रतिशत मात्र मूल्य लिइनेछ ।

(च) खडा रुख र ठुटाबाट काठदाउरा मूल्याङ्कन गर्दा स्तर निर्धारण भएको प्रजातिको काठको हकमा "बी" स्तरको मूल्य, स्तर निर्धारण नभएको प्रजातिको काठको हकमा माथि उल्लेख भए बमोजिमको मूल्य र दाउराको हकमा व्यापारिक प्रयोजनको लागि निर्धारित मूल्यको आधारमा मूल्याङ्कन गरी विगोकायम गरिनेछ ।

(छ) प्राकृतिक रूपमा आएको सिसौलाई जङ्गली सिसौ मानिनेछ र जङ्गली वा वृक्षारोपणको सिसौ नछुटिने अवस्था परेमा जङ्गली सिसौको लागि निर्धारित मूल्यको आधारमा मूल्याङ्कन गरी विगो कायम गरिनेछ

अनुसूची-४

**(नियम ६ सँग सम्बन्धित)**

**जडीबुटीको नाम र मूल्य दर**

| क.सं. | नेपाली नाम | वैज्ञानिक नाम | रोयल्टी प्रति के.जी. (रु.) |
|---|---|---|---|
| (क) जरा तथा गानो जाति | | | |
| १ | अनन्तमूल | *Hemidesmus indicus* | १०।- |
| २ | अतिस | *Aconitum heterophylloides Acotinum heterophyllum/ Delphinium himalayai* | १५।- |
| ३ | अश्वगन्धा | *Withania somnifera* | २०।– |
| ४ | असारेफूल/धोविनी | *Mussaenda spp.* | ८।- |
| ५ | इन्द्रेणी | *Citrullus colocynthis / Trichosanthes wallichiana* | १०।- |
| ६ | उन्यू | *Dryopteris cochleata Huperzia javanica* | १०।- |
| ७ | ऐंसेलु | *Rubus ellipticus* | १५।– |
| ८ | कचुर | *Curcuma aromatica* | ५।- |
| ९ | काकोली/वन लसुन | *Fritillaria cirrhosa* | ५।- |
| १० | कुकुरडाइनो | *Smilax spp.* | १०।- |
| ११ | कामराज, मयुरखुट्टे | *Helminthostachys zeylanica* | ६।- |
| १२ | कुकुरतरुल, वनतरुल, भ्याकुर | *Dioscorea spp.* | १५।- |
| १३ | कुचिला | *Strychnos nux-vomica* | ७।- |
| १४ | कुट्की | *Neopicrorhiza scrophulariiflora* | ३५।- |
| १५ | कुथ | *Saussurea costus* | ५।- |
| १६ | कुरिलो/सतावरी | *Asparagus spp.* | ५।- |
| १७ | खसखस/उशीर | *Chrysopogon zizanioides* | १०।- |
| १८ | खिरौले (मेदा)/खिरौला सेतकचिनी | *Polygonatum spp.* | १५।– |
| १९ | गन्नाइनो | *Pleurospermum spp.* | ३।– |
| २० | गन्धाईनो | *Angelica glauca* | ५।– |
| २१ | गुजरगानो | *Stephania spp.* | ५।- |
| २२ | गुर्जो/गुडुची | *Tinospora sinensis* | ५।- |
| २३ | गोकुलधुप | *Commiphora mukul* | ५।- |

| | | | |
|---|---|---|---|
| २४ | चुत्रो /दारुहल्दी | *Berberis spp.* | ८।- |
| २५ | जटामसी | *Nardostachys jatamansi* | ५०।- |
| २६ | जमानेमान्द्रो | *Mahonia napaulensis* | ५।- |
| २७ | जेठीमधु (येष्ठीमधु) | *Glycyrrhiza glabra* | १५।– |
| २८ | जोरपाते वेली गाना | *Psammosilene tunicoides* | १५।– |
| २९ | टुकीफूल | *Taraxacum spp.* | ५।- |
| ३० | ठूलो/बुढो ओखती | *Astilbe rivularis* | ७।– |
| ३१ | नक्कली सतुवा | *Trillidium govanianum* | ४०।- |
| ३२ | नागरमोथे/ मोथे | *Cyperus spp.* | ५।- |
| ३३ | निरमसी /निरबिषी | *Delphinium denudatum/ Aconitum palmatum/Aconitum orochryseum* | ६०।- |
| ३४ | नारु | *Silene spp.* | ५।– |
| ३५ | पदमचाल /अमलवेद | *Rheum austral* | १०।- |
| ३६ | पदमपुष्कर / निनाइजडि | *Iris decora* | ५।– |
| ३७ | पाखनवेद /पाषाणभेद | *Bergenia pacumbis/Bergenia ciliate* | ७।- |
| ३८ | पाचऔंले | *Dactylorhiza hatagirea* | ५००।- प्रति गोटा |
| ३९ | पिपला /पिपली | *Piper longum* | १०।- |
| ४० | बज्रदन्ती | *Potentilla spp.* | ५।- |
| ४१ | वाटुलपाते | *Cissampelos pareira* | २।- |
| ४२ | बायजडि | *Hippolytia dolichophylla* | ५।– |
| ४३ | वाँको/सर्पको मकै | *Arisaema spp.* | २।– |
| ४४ | बोझो | *Acorus calamus* | ५।- |
| ४५ | भूतकेश | *Selinum wallichianum* | ५।- |
| ४६ | ममिरा | *Parnassia nubicola* | ७०।- |
| ४७ | मुसली (कालो) | *Curculigo orchioides* | ५।- |
| ४८ | मुसली (सेतो) | *Chlorophytum spp.* | १०।- |
| ४९ | रास्गरी/भूइसरो | *Roscoea spp.* | ५।- |
| ५० | लघुपत्र | *Podophyllum hexandrum* | ५।- |

| | | | |
|---|---|---|---|
| ५१ | वन प्याज | *Allium spp.* | १५।- |
| ५२ | वनमुला | *Dipsacus inermis* | १५।- |
| ५३ | वनलसुन | *Allium wallichii* | ३०।- |
| ५४ | वनलसुन/खिरौंले | *Lilium nepalense* | ३०।- |
| ५५ | वन हलेदो | *Curcuma angustifolia* | ५।- |
| ५६ | विदारीकन्द | *Pueraria phaseoloides* | २।- |
| ५७ | विलौने | *Maesa chisia* | ५।- |
| ५८ | विष, विषमा | *Aconitum spp.* | १०।- |
| ५९ | विषफेज | *Polypodiodes amoena* | १०।- |
| ६० | वेत लौरी | *Cheilocostus speciosus* | ५।- |
| ६१ | शटी /गाइसरो | *Hedychium spicatum* | ५।- |
| ६२ | सतुवा | *Paris polyphylla* | ४०।- |
| ६३ | सर्पगन्धा / चाँदमरुवा | *Rauvolfia serpentina* | २०।- |
| ६४ | सातगाँठे | *Panax pseudoginseng* | ५०।- |
| ६५ | सिस्नु | *Urtica spp.* | २।- |
| ६६ | सुगन्धवाल | *Valeriana jatamansi* | २०।- |
| ६७ | सुनडाँठिगानो | *Gastrodia elata* | १०।– |
| (ख) बोक्रा जाति | | | |
| १ | अर्जुन | *Terminalia arjuna* | १०। |
| २ | ओखर (बोक्रा) | *Juglans regia* | १००।– |
| ३ | अँगेरी | *Lyonia ovalifolia* | ५।- |
| ४ | काफल | *Myrica esculenta* | १००।- |
| ५ | कुटमिरो/काल्चुरी | *Litsea monopetala* | ५।- |
| ६ | कोइरालो/कचनार | *Bauhinia variegate* | ५।- |
| ७ | चुत्रो/दारुहल्दी | *Berberis* spp. | ८।- |
| ८ | छतिवन | *Alstonia scholaris /A.neriifolia* | १०।- |
| ९ | जमानेमान्द्रो/ केशरी/ जमानेचुत्रो | *Mahonia nepaulensis* | ५।- |
| १० | टटेलो/टोटला | *Oroxylum indicum* | ५।- |
| ११ | टाँकी | *Bauhinia purpurea* | ५।- |
| १२ | दार/दारगिठी | *Boehmaria rugulosa* | १०।- |

| | | | |
|---|---|---|---|
| १३ | धूपी | *Juniperus* spp. | २५।- |
| १४ | निम | *Azadirachta indica* | ५।- |
| १५ | नेपाली दालचिनी/ सिन्कौली | *Cinnamomum tamala* | १२।- |
| १६ | पलास | *Butea monosperma* | २०।- |
| १७ | पावन/काठे काउलो | *Machilus duthiei* | ३०।- |
| १८ | सेतो काउलो | *Persea odoratissima* | ३०।- |
| १९ | पैंयु | *Prunus cerasoides* | १०।- |
| २० | बकाइनो | *Melia azedarach* | २।- |
| २१ | वनखिर्रो/कुटज | *Holarrhena pubescens* | ५।- |
| २२ | विलौने | *Maesa chisia* | १०।- |
| २३ | भोजपत्र | *Betula utilis* | २०।- |
| २४ | भोर्ला | *Bauhinia vahlii* | २।- |
| २५ | सल्ला | *Pinus* spp. | २।- |
| (ग) पात/डाँठ जाति | | | |
| १ | अखेनो, घोडेमच्चो | ***Thymus linearis*** | ३।– |
| २ | अदुवाघाँस/ हातकटुवा | *Carex spp.* | १।– |
| ३ | अमलवेद/ पदमचाल चुल्ठे अमिलो/काराज चुल्ठी | *Rheum austral* | ५।– |
| ४ | असुरो/अडुस/वासक | *Justicia adhatoda* | १।– |
| ५ | उन्यू | *Dryopteris cochleata* | ३।– |
| ६ | ऐंसेलु | *Rubus ellipticus* | १५।- |
| ७ | करिपत्ता | *Murraya koenigii* | १।– |
| ८ | गुडमार | *Gymnema sylvestre* | ५।- |
| ९ | गुर्जोलहरा/गुडुची | *Tinospora sinensis* | २।- |
